# भूमिअधिकार

वर्ष ५, पूर्णाङ्क १४, असोज २०६४






## लोकतन्त्र र दिगो शान्तिको आधार, व्यवहारमा जनमुखी भूमिसुधार

RRC
-014

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

36-014

# भूमिअधिकार

वर्ष ५, पूर्णाङ्क १४, २०६४ असोज (October, 2007)

अहिंसात्मक आन्दोलनको यात्रा

पृष्ठ ८





जनअधिकारका लागि जनयात्रा १६

भूमि आयोग चाँडै बन्छ ........ ७
ताइवानमा भूमिसुधार ........ १०
आँगनमा नदी, सुत्न पालो ........ ११
गरीबले लालपूर्जालाई किन मान्यता दिने ? ........ १२
पेटमा लागेको ताल्चा कसले खोल्ने ? ........ १४
जमिन्दारले ओगटेको कसैले देखेन ........ १५
अनुभुती जनयात्राको ........ १९
असारको घामपानी, ओतमा आगो ........ २०
मुलुक फेरियो तर हरूवा-चरूवा उस्तै ........ २१
लामो संघर्षपछिको सफलता ........ २७
जनादेश २००७ प्रति ऐक्यवद्दता ........ ३२



भूमिअधिकारका लागि धर्ना २८

## नेपालमा वर्गीय मुद्दा र भूमिसुधारको प्रश्न

पृष्ठ ३

नेपाली समाजको ईतिहासलाई हेर्दा परम्परागत र स्वभाविक रूपमा नेपालका विभिन्न जाति र क्षेत्रमा वर्गीय समाजको विकास हुन पाएन । पृथ्वीनारायण शाहले गोरखा राज्यको विस्तार अभियान अन्तर्गत सिंगो नेपालमा आफ्नो एकात्मक र केन्द्रिकृत हुकुम लादे पछि परम्परागत रूपमा विकसित हुँदै आएको वर्गीय संरचना ध्वस्त हुन पुग्यो र नयाँ प्रकारले वर्गीय संरचना तयार हुन शुरू भयो । वर्गीय संरचनाको आधार सबै समाजमा आधारभूत रूपमा दुईवटा कारकसंग अभिन्न रूपमा गाँसिएका हुन्छन् । एक सम्पत्ति माथिको प्रभुत्व र दुई राज्यसत्तामा पहुँच । यी दुवै चिजले एक अर्कालाई प्रभावित गर्छन् र तिनको अन्तरसम्बन्धले परिणाममा बन्न पुग्दछ एक निश्चित वर्गीय संरचना ।

कभर फोटो : सिन्धुपाल्चोक, नवलपुरकी एक महिला आफूले पाएको जग्गाधनी प्रमाणपूर्जा देखाउँदै (थप पृष्ठ २७ मा)

प्रकाशक:
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं, पोष्ट बक्स नं : १९७९०, फोन : ४३६०४८६, ०१६९१६७९१
E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

# आठ दल : वाचा पुरा गर

राष्ट्रिय भूमिअधिकार मञ्चले तीन सुत्रीय माग राखि आठै राजनीतिक दलको कार्यालयमा धर्ना दिई ती दललाई आफ्ना मागमा सहमत गराएको चार महिना पुरा भइसकेको छ । तर मागहरूको संवैधानिक निश्चितता गर्ने र कार्यान्वयन गर्ने तहमा अफैसम्म कुनै उपलब्धि भएको छैन ।

उच्चस्तरिय भूमिसुधार आयोगको गठन गरिनुपर्ने, जमिनदारमुखी भूमिसुधार ऐन खारेज गरी जसको जोत उसको पोत भावनामा आधारित क्रान्तिकारी भूमिसुधारलाई निश्चित गर्ने गरी भूमि सम्बन्धी ऐन २०६४ निर्माण गर्नु पर्ने र भूमिसुधार गर्दा हदबन्दी भन्दा बढी, सामन्त र गयल जमिनदारी जग्गा विना




मुआब्जा सरकारले लिई भूमि अधिकारवाट वञ्चित किसानलाई वितरण गर्ने संवैधानिक निश्चितता गरिनु पर्ने सहितका मागहरू अफै थाँती रहेका छन् । अरू त अरू पहिलो मागमा उल्लेखित २०६३ असोज १ गते राष्ट्रिय भूमि अधिकार मंच नेपाल, राष्ट्रिय भूमि अधिकार सरोकार समूह नेपाल र नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालय वीच भएको पाँच बुँदे सम्फौता कार्यान्वयन गर्ने गरि उच्चस्तरिय भूमि आयोग गठन गर्ने निर्णय भइसक्दा पनि त्यसलाई व्यवहारिक रूप दिइएको छैन ।

यसले भूमिअधिकारबाट वञ्चित भूमिहीनहरूको समस्यालाई बदलिंदो राजनीतिक परिस्थितिले पनि आत्मसात नगरेको स्थितिलाई छर्लङ्ग्याउँछ । जनआन्दोलनमा सबै भूमि पिडितहरूको साथ खोज्ने तर यस साथवाट नीति निर्माणको तहमा पुगे पछि चटक्कै विर्सिने प्रवृत्तिले वास्तवमा भूमिअधिकारबाट वञ्चितलाई खिन्न र आक्रोशित तुल्याएको छ । मुलुक आठ दलले चलाइरहेका छन् । भूमिअधिकारबाट वञ्चितका मागप्रति आठै दल सहमत छन् । तर कसको षडयन्त्रमा मागहरूलाई संबैधानिक र कानूनी संबोधन गरिएको छैन ? सबैले प्रश्न उठाइ रहेका छन् । सरकारको प्राथमिकता राजनीतिक स्थायित्व हो त्यसका लागि संविधान सभाको चुनावमा उ केन्द्रित भएको छ, अन्य काममा त्यती चासो दिईएको छैन भनेर संविधान सभामा आगाडि नै स्थापित गरिसक्नु पर्ने यस मूलभुत मागवाट सरकार पछाडि हट्न सक्दैन ।

भूमिसुधार मन्त्री भन्नुहुन्छ मैले मन्त्री परिषदमा प्रस्ताव लगिसकें, मन्त्री परिषदले निर्णय गर्नुपर्छ । आठ दलका नेताहरू भन्नुहुन्छ - भूमिसुधार मन्त्रालयले गम्भीतापूर्वक चासो लिएको भए संवैधानिक र कानूनी तहमै मागहरू संबोधन भइसक्थ्यो । यो के हो ? त्यत्रा जनताको जीवन मरण संग गाँसिएको भूमिको प्रश्नलाई यसरी एक वा अर्को निहुँमा थाती राखेर संरचना मात्र बदल्ने सोचले सामन्तवाद ढल्छ ?

आन्दोलनका अगाडी वाचा बाँध्ने, आन्दोलन मत्थर भएपछि चासो नदिने प्रवृत्तिलाई भूमि पिडितहरूले सहमततापूर्वक महशुस गरेका छन् । आठ दल गत जेठको वाचावाट पछाडी फर्किए भने भूमि पिडित आन्दोलनको तेजले अर्को तराई संस्करणको शुरूवात गर्नेछ भन्ने उद्घोष पिडितहरूको तहवाट भइसकेको छ ।

भूमि पिडितहरूलाई थाहा छ, आठदलमा सबै क्रान्तिकारी भूमिसुधारका पक्षपाती होइनन् । त्यहाँ अहिलेसम्म भूमि श्रमिकहरूलाई लुटेर राज गरिरहेको जमिन्दारसंग क्षतिपूर्ति लिनुको सट्टा उसलाई उल्टै मुआब्जा दिने गरी संविधानमा भएको व्यवस्थासंग असहमति राख्नेहरू पनि छन् । यदि आठ दलको कतिपय घटक त्यत्रो जनआन्दोलनको म्यान्डेट बिरूद्ध आफ्नै वर्ग स्वार्थमा लिप्त छन् भने अन्य घटकहरू पनि आफ्नो घोषित वर्ग स्वार्थमा लिप्त हुनैपर्छ ।

त्यो भनेको जसरी ठुला सामन्त राजाको दरवार र जमिन राष्ट्रियकरण हुँदैछ, त्यसैगरी साना सामन्तहरूको जमिन पनि राष्ट्रियकरण गर्न दवावकारी भूमिका खेल्नुपर्छ र त्यसलाई उत्पादशिल बनाउन श्रम गर्नेलाई नै सुम्पनुपर्छ । यो भूमि सम्बन्धी सम्पूर्ण समस्या समाधानको पहिलो पाइलो हुनेछ ।

तर यहाँसम्म पुग्ने शर्त भनेको राष्ट्रिय भूमिअधिकार मंचवाट प्रस्तुत तीन सुत्रिय माग हो । जसले यस्तो वर्ग स्वार्थ बोके पनि सबै दलले यसमा सहमति जनाएका छन् र कम्तिमा पार्टीहरूले संविधानसभा मार्फत हाम्रो हित नै सोचेका छन् भने जनाउ दिन आठ दलले यसलाई संविधानसभा अगाडि नै निश्चितता र कार्यान्वयन गरून । अर्थात आठ दलले आफ्नो वाचा तत्काल पुरा गरून । ■

# नेपालमा वर्गीय मुद्दा र भूमिसुधारको प्रश्न

*ज्ञानेन्द्र शाहको जग्गा राष्ट्रियकरण गरी मुआब्जा दिनुपर्ने प्रावधानवाट शुरु हुने नयाँ नेपालमा कस्तो भूमिसुधार हुने हो र त्यसले नेपाली वर्गीय मुद्दालाई कसरी न्यायपूर्ण सम्बोधन गर्ला ? भन्ने विषय अत्यन्तै ठिटलाग्दो बन्न पुगेको छ ।*

■ आहुती

**१. नेपालको भूमि मुद्दा : ठिटलाग्दा प्रपञ्चहरुको चाङ**

नेपालको वर्गीय समस्यासँग आधारभूत रुपमै जोडिएको भूमिसुधारको मुद्दा नेपाली राजनीतिको एउटा सदावहार जेठो मुद्दा हो । वि.स. २००७ साल भन्दा अघिदेखि भूमिसुधारको विषयलाई सबै राजनीतिक धारले तातो मुद्दाका रुपमा उठाए पनि कसैले पनि न्याय नपाएको विषय पनि फेरी यही नै हो । वि.स. २००८ मा गठित भूमि जाँच कमिशनदेखि २०५१ को वडाल आयोग सम्मले नेपालको वर्गीय मुद्दालाई न्यायपूर्ण दिशा दिन आधारभूत रुपमा भूमि सम्बन्धी सकारात्मक प्रस्तावहरु अघि नसारेका पनि होइनन् तर भूमिसुधारका नाममा अघि सारिएका राजनीतिक कदमहरु भने अधिकांश जालसाजीपूर्ण र केही अपुरा अधुरा हुँदै थला पर्न पुगे ।

वि.स. २०१६ को विर्ता उन्मूलन या २०२१ को भूमिसुधार या २०५४ को भूमि ऐनको चौथो संशोधन सबै नै कि त पुरानो सामन्ती भूमि सम्बन्धलाई टिकाउने जालसाजी थिए वा पुरानो संरचना भत्काउन असफल अपुरा अधुरा कदम । विगत पाँच दशकको यसप्रकारका घट्नाक्रमले गर्दा नेपाली समाजमा भूमि वितरणको अन्यायपूर्ण जगको संरचना आधारभूत रुपमा जस्ताको तस्तै रहिरहने परिस्थिति खडा हुन पुग्यो र त्यसले नेपालको वर्गीय मुद्दालाई मुख्य रुपमै परिचालित गरिरहयो । भूमिसुधारको नारा उठेको सात दशक पछि र भूमिसुधारको राजनैतिक कदम चाल्न शुरु गरिएको पाँच दशकपछि पनि यो विषय नेपाली समाजको एक प्रकोपका रुपमा रहिरहेको छ ।

आज पनि २५% परिवार भूमिहीन हुनु, ४ लाख ५० हजार मोही परिवारको मोहीयानी हक समेत ग्यारेन्टी नहुनु, १३, १४, १३३ रोपनी जमिन मन्दिर र गुठीको नाममा रहनु, करिब २०% जमिन बाँझो रहनु, ४०% सिमान्त किसानसंग केवल ९% जमिन हुनु, ४६% मझौला किसानसंग ४३% जमिन र १३% सामन्तसंग ४८% जमिन रहनुले प्रष्ट रुपमै नेपाली समाजको भूमि समस्या र त्यसले वर्गीय मुद्दालाई पारिरहेको प्रभाव देख्न सकिन्छ । नेपाली भूमि व्यवस्थाले यस प्रकारको दुर्गतीका वीचमा त्यसलाई समेत भऱ्याङ बनाएर समाप्त दश वर्षे माओवादी युद्ध र ०६२/०६३ को जनआन्दोलनवाट बनेको अन्तरिम संविधानमा "बैज्ञानिक भूमिसुधारको नाममा सबै प्रकारका जग्गालाई राज्यले लिंदा "मुआब्जा दिने" इतिहासकै सबैभन्दा प्रतिगामी बुँदा राखिए पछि भूमिसुधार चाहने सबै सचेत नेपाली भस्किन पुगेका छन् । ज्ञानेन्द्र शाहको जग्गा राष्ट्रियकरण गरी मुआब्जा दिनुपर्ने प्रावधानवाट शुरु हुने नयाँ नेपालमा कस्तो भूमिसुधार हुने हो र त्यसले नेपाली वर्गीय मुद्दालाई कसरी न्यायपूर्ण सम्बोधन गर्ला ? भन्ने विषय अत्यन्तै ठिटलाग्दो बन्न पुगेको छ ।



यस्तो "घुमिफिरी रुम्जाटार" हुने खतरा उत्पन्न भएको परिवेशमा हिजो भन्दा आज सय गुणा बढी नेपाली वर्गीय मुद्दा र भूमिसुधारको वास्तविक खाका वारे छलफल, बहस, आन्दोलन संचालन गर्नु जसरी हुन पुगेको स्वतः प्रष्ट छ किनभने अग्रगामी परिवर्तन सहितको नयाँ नेपाल परम्परागत अन्यायपूर्ण भूमि व्यवस्थाको अन्त्य नगरी असम्भव छ त्यो असम्भवलाई सम्भव नबनाएसम्म नेपालको वर्तमान वर्गीय समस्यालाई सकारात्मक सम्बोधन गर्न पनि सम्भव छैन ।

## २. नेपालको वर्गीय संरचना कस्तो र कसरी ?

नेपाली समाजको ईतिहासलाई हेर्दा परम्परागत र स्वभाविक रुपमा नेपालका विभिन्न जाति र क्षेत्रमा वर्गीय समाजको विकास हुन पाएन। पृथ्वीनारायण शाहले गोरखा राज्यको विस्तार अभियान अन्तर्गत सिंगो नेपालमा आफ्नो एकात्मक र केन्द्रिकृत हुकुम लादे पछि परम्परागत रुपमा विकसित हुँदै आएको वर्गीय संरचना ध्वस्त हुन पुग्यो र नयाँ प्रकारले वर्गीय संरचना तयार हुन शुरु भयो। वर्गीय संरचनाको आधार सबै समाजमा आधारभूत रुपमा दुईवटा कारकसंग अभिन्न रुपमा गाँसिएका हुन्छन्। एक सम्पत्ति माथिको प्रभुत्व र दुई राज्यसत्तामा पहुँच। यी दुवै चिजले एक अर्कालाई प्रभावित गर्छन् र तिनको अन्तरसम्बन्धले परिणाममा बन्न पुग्दछ एक निश्चित वर्गीय संरचना। यो नियम पृथ्वीनारायणको गोरखा राज्यको विस्तार पछि पनि स्वभाविक रुपमा लागू हुन पुग्यो र त्यतीवेला भूमि नै सम्पत्तिको मुख्य स्रोत रहेकोले भूमि वितरणको प्रकृयामा चालिएको राजनैतिक कदमहरुले नै वर्गीय संरचना निर्माण गर्न मुख्य भूमिका खेल्यो भन्ने कुरा स्वतः प्रष्ट हुन्छ। नेपालको आजसम्मको ईतिहास हेर्दा पाँच तरिकाले भूमि स्वामित्व फेरवदल भई नयाँ वर्गीय संरचना तयार भएको देखिन्छ।

क) गोरखा राज्यको विस्तार भई हिन्दु सामन्तवादी हिन्दु उच्च जातिय पुरुष प्रधान खस आतंककारी राज्यसत्ता स्थापित भएपछि नेपालका आदिवासी जनजाति र तराईको जनताले हजारौं वर्ष लगाएर आफ्नो जाति र समुदायको निम्ति तयार पारेको खेतीयोग्य जमिनलाई राज्यले कुटिलता सहित बल प्रयोग गरेर खोस्दै राजपरिवार, राजपरिवारका पुरेतहरु, जर्नेलहरु र हिन्दु मठ मन्दिर र गुठीका नाममा वितरण गऱ्यो। जसवाट परम्परागत भूमिपुत्र वा भूमिमा हकदार मोहीमा परिणत हुँदै जाने र राज्यका नयाँ हर्ताकर्ताहरु जमिनको मालिक बन्दै जाने प्रकृया चल्यो। यस प्रकृयावाट विभिन्न जाति र क्षेत्रको पुरानो वर्गीय संरचना भत्किन थाल्यो। नयाँ सामन्त वर्ग र नयाँ किसान वर्गको उदय भयो।

ख) नेपालको तराई, वाग्मती उपत्यकाको नेवार जाति र खस दलितलाई जमिन लगायत कुनै पनि सम्पत्ति राख्ने अधिकार हिन्दु सामन्तवादी समाजले नदिँदै आएकामा त्यो परम्परालाई जारी राखियो जसको कारण देशको २०% हिस्सा आधारभूत रुपमा अर्धदास वर्गका रुपमा रहन वाध्य भयो।

ग) तराई र भित्री मधेशका थारु, माझी, मुसहर, दनुवार, बोटे चेपाङ लगायतका ऐतिहासिक भूमिपतिहरुको भूमि माथि

> *जनआन्दोलनवाट बनेको अन्तरिम संविधानमा बैज्ञनिक भूमिसुधारको नाममा सबै प्रकारका जग्गालाई राज्यले लिंदा "मुआब्जा दिने" इतिहासकै सबैभन्दा प्रतिगामी बुँदा राखिए पछि भूमिसुधार चाहने सबै सचेत नेपाली झस्किन पुगेका छन् ।*

धेरै पहिला देखि भारतवाट प्रवेश गर्न थालेका हिन्दु उच्च जातहरुले हस्तक्षेप शुरु गरी त्यहाँको जमिनको मालिक उनीहरु बन्न पुगे, त्यहाँका आदिवासी भूमिहीन बन्ने प्रकृया तिव्र बन्यो। त्यस माथि पृथ्वीनारायण वंशको सामन्ती शासन शुरु भई पञ्चायतसम्म आइपुग्दा पहाडको शासक जातिलाई समेत तराईमा विभिन्न नाममा भूमि माथि कब्जा जमाउने अवसर उपलब्ध गराइयो। जसवाट तराईका वास्तविक भूमिपुत्र भूमिवाट वेदखल हुँदै जाने र राजतन्त्रको आसेपासेहरु त्यहाँको जमिनको समेत मालिक बन्ने क्रम तिब्र हुन थाल्यो। नेपालको तराईमा चलेको ऐतिहासिक यस प्रकृयाले तराईको वर्ग संरचनामा आकाश जमिनको हेरफेर ल्यायो। यहाँ सम्मकी वर्तमानमा माझी जातिले परम्परा देखि केवल माछा मारेर मात्रै ज्यान धान्थ्यो भन्ने स्तरको दृष्टान्त समेत मान्य हुने स्थिति खडा गरियो।

घ) पृथ्वीनारायण शाहको वंशको शासन शुरु भएपछि गैरहिन्दु जनजाति र तराईका आम जनता माथि लुट मच्चाउन ति जाति र समुदायका एकाध व्यक्तिलाई आफ्नो शासनको दलाल वनाउने शर्तमा उनीहरुलाई आफ्नै जाति र समुदाय वीच पर्याप्त जग्गा राख्ने भाडा उठाउने गरी नियुक्त गरियो। जुन प्रकृयावाट तराई र जनजातिहरु वीच पनि केन्द्रिय सत्तासंग नजिक हुने वा नहुने नाममा सामन्त बन्ने कि रैती बन्ने भन्ने प्रकृया स्थापित गरियो। त्यस प्रकृयाले पनि ती समुदाय र जातिमा वर्गीय संरचना नयाँ ढंगले परिमार्जिन हुन पुग्यो।

ङ) यी परिघट्नाहरु वाहेक समाजमा संधै चलिरहने सामान्य आर्थिक प्रकृया अन्तर्गत पनि धेरथोर भूमि यताउता हुने प्रकृया चल्यो। जस्तै : कसैले जुवा खेलेर मुर्खतापूर्वक जमिन गुमायो या कुनै दलितले लाहुरवाट पैसा कमाएर ल्याएर केही जमिन जोड्यो ईत्यादि। तर विगत २३८ वर्षमा यस प्रकृयाले निर्णायक अर्थ राख्न सक्दैनथ्यो र राखेन। सामान्य आर्थिक प्रकृया अन्तर्गत त तब नै सम्पत्तिको चलायमानता आउन सक्दछ, जब न्यायपूर्ण राजनैतिक व्यवस्था हुन्छ।

भूमि सम्बन्धी हिन्दु सामन्तवादी ढंगले स्थापित गर्ने र नयाँ ढंगले संरचना गर्ने विगत २३८ वर्षको अभियानमा राज्य व्यवस्थाको हिन्दु एकतात्मक तथा केन्द्रिकृत राजतन्त्रात्मक स्वरुपले निर्णायक भूमिका खेल्ने नै थियो र खेल्यो। यस समग्र प्रकृयाले हिन्दु सामन्तवादी वर्णव्यवस्थाको तहगत संरचनामा तल परेका दलितहरु, परम्परागत राज्य गुमाएका गैरहिन्दु आम जनजातिहरु



र तराईका आदिवासी भूमिहीन वा मोही रैती वर्गमा फेरीन पुगे भने परम्परागत हिन्दु उच्च जात मध्ये पनि राज्यसम्म पहुँच पुगेका खलकहरु, राजपरिवारका पुरेत खलकहरु, जर्नेल खलकहरु र जनजाति वा तराईमा राजतन्त्रद्धारा बफादार बनाई नियुक्त मुखिया, सुब्बा, चौधरी लगायतका राज्यका स्थानीय प्रतिनिधिहरु स्थानीय सामन्त वा धनी किसानका रुपमा कायम रहने व्यवस्था बन्न पुग्यो ।

यस प्रकारको वर्ग संरचनाको मुख्य स्रोत हिन्दु सामन्तवादी छुवाछुत भेदभाव रहितको वर्ण व्यवस्थामा आधारित तहगत संरचनाको दृष्टिकोण नै हो । जति तल्लो जात उति तल्लो वर्ग यस दृष्टिकोणको मूलमन्त्र हो । यस बाहेक हिन्दु उच्च थुप्रै जातका खलकहरु पनि सामन्त बन्न पाएनन् । त्यसको कारण के हो भने उनीहरु राज्यसत्ताको नजिक हुन पाएनन् । त्यसैले सजिलै के भन्न सकिन्छ भने नेपालको वर्गीय संरचना हिन्दु सामन्तवादी तहगत अवधारणामा आधारित छ र त्यसको प्रभाव जवरजस्त रुपमा आजसम्म पनि छलङ्ग देख्न सकिन्छ । नेपालमा विकर्सित हुँदै गएको पुँजीवादको संरचनामा समेत त्यही हिन्दु सामन्तवादी तहगत संरचना देख्न सकिन्छ । हिन्दु उच्च जात र परम्परागत सामन्त वर्ग नै आज पुँजीपति वर्गमा फेरिदै गरेको दृश्य नेपाल उद्योग बाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्सको सदाकालको केन्द्रिय समितिको बाटोलाई नियाल्यो भने पनि प्रष्ट हुन्छ । यस कोणवाट हेर्दा नेपालमा विकसित हुँदै गएको सानो "पैमाना" को पुँजीवाद समेत हिन्दु सामन्तवादी तहगत अवधारणावाट जवरजस्त रुपमा गाँजिएको देख्न सकिन्छ । अर्थात हिन्दु उच्च जात र परम्परागत रुपमा राज्यले सामन्त वर्गमा राखेकाहरु पुँजीपति अनि राज्यले परम्परागत रुपमा रैती बनाएका आदिवासी-जनजाति, मधेशी, दलित र राजतन्त्रको नजिक हुन नपाएकाहरु मजदुर । निश्चितै रुपमा आज पनि नेपालमा जात नै वर्गका रुपमा छ भन्ने होइन तर त्यसको जवरजस्त प्रभाव आधारभूत रुपमा छ भन्ने तथ्य चाँही सत्य हो ।

> क्रान्तिकारी भूमिसुधारको वास्तविक प्रकृया शुरु गर्ने हो भने नेपाली समाजको वर्गीय संरचना केही दशकमै आनकातान फेरबदल हुने निश्चित छ । नयाँ समस्याहरु त्यसपछि पर्ने नै छन् तर आजको पुरातन सामन्तवादी समस्यावाट नेपाली समाज मुक्त हुने निश्चित छ ।

यस प्रकारले तयार हुन पुगेको नेपाली वर्गीय मुद्दालाई न्यायपूर्ण ढंगले समतामुखी दिशामा हल गर्न भूमिको पूर्नवितरण वा भूमिसुधारको विषयले सर्वाधिक गम्भीर महत्व राख्दछ । तर जबसम्म भूमि सम्बन्धको हिन्दु सामन्तवादी चरित्रलाई वेवास्ता गरिन्छ तबसम्म सही भूमिसुधारको अवधारणामा तयार र लागू गर्न सम्भव नै छैन । समाजको चरित्र अनुसार नै क्रान्तिकारी भूमिसुधारको सिद्धान्तलाई सिर्जनात्मक ढंगले लागू गर्नुपर्ने हुन्छ । भूमिसुधारका सम्बन्धमा नेपालमा अवधारणा गत रुपमै सिर्जनात्मक हुनु पर्ने कुरा के हो भने नेपाली समाज हिन्दु सामन्तवादी ढंगले तहगत रुपमा संरचना गरिएको समाज हो । त्यसैले यस तथ्यलाई वेवास्ता गरेर वास्तविक भूमिसुधार प्राप्त गर्न सम्भव नै छैन । यस तथ्यको कोणवाट हेर्दा इतिहास देखि भूमिहीन बनाइएका, कृषि क्षेत्रमै निर्भर दलितलाई जमिन दिने कि नदिने ? गोरखा राज्यको विस्तारपछि आफ्नो परम्परागत भूमि माथिको स्वामित्ववाट वञ्चित गरी मोहीमा परिणत गरिएका आदिवासी-जनजातिलाई जमिन दिने कि नदिने ? दक्षिण र उत्तरवाट आइ जमिनवाट बेदखल गरिएका तराईका भूमिहीनलाई जमिन दिने कि नदिने ? राजतन्त्रसंग नजिक हुन नपाएकै कारण भूमिहीन वा मोही हुन पुगेका हिन्दु उच्च जातकै जनतालाई भूमि दिने कि नदिने ? यी प्रश्नहरु नै नेपाली भूमिसुधारको आवश्यक कार्यक्रमसंग जोडिएका यज्ञ प्रश्नहरु हुन् ।

## ३. वर्गीय मुद्दा र भूमिसुधार

नेपाली समाजको वर्गीय मुद्दा मध्ये एउटा प्रमुख मुद्दा सामन्त वर्ग र किसान वर्ग वीचको अन्तरविरोध समाधान गर्ने मुद्दा नै हो । नेपालमा पुँजीपति वर्ग र मजदुर वर्ग वीचको लगायत थुप्रै वर्गीय मुद्दा पनि जन्मिसकेकाले तिनको समाधान पनि जरुरी त छ नै तर ती मुद्दा भूमिसुधारसंग आधारभूत रुपमा सम्बन्धित नभएकाले यस रचनामा चर्चा गरिनु उपयुक्त छैन भन्ने कुरा प्रष्टै छ ।

क) भूमिसुधारको आधारभूत सिद्धान्त : नेपालमा भूमिसुधार अन्तर्गतका "भूमि क्रान्ति" र "कृषि क्रान्ति"अवधारणालाई अलग अलग पारेर बुझ्ने/व्यवस्था गर्ने

चलन समेत आएको देखिन्छ तर त्यो गलत छ। वास्तवमा न्यायपूर्ण भूमि वितरणको मुद्दालाई दोछ्याँयामा पार्न नयाँ प्रविधिको उपयोगद्धारा कृषि उत्पादन बढाउने कुरालाई मात्र "कृषि क्रान्ति" बताउने प्रचलन क्रान्तिकारी भूमिसुधार विरोधी कित्ताले शुरु गरेका छन्। नयाँ प्रविधिको प्रयोगवाट उत्पादकत्व बढ्न सक्छ तर भूमिको न्यायोचित वितरण नभई प्राप्त हुनुपर्ने उत्पादकत्व त प्राप्त हुनै सक्दैन भन्ने तथ्यलाई यस सन्दर्भमा पक्रिनै पर्दछ। त्यसैले क्रान्तिकारी भूमिसुधार, भूमि क्रान्ति र कृषि क्रान्ति जस्ता अवधारणा गत वाक्यांशहरुलाई अलग अलग पारेर बुझ्ने र व्यवस्था गर्ने कुरा नै गलत छ बरु ति अवधारणाको प्याकेज निश्कर्षलाई आत्मसाथ गर्नु जरुरी छ। यसको मतलब के हो भने भूमि क्रान्ति नभई कृषि क्रान्ति हुँदैन, त्यसैले भूमि क्रान्ति र कृषि क्रान्ति समेटिएको क्रान्तिकारी भूमिसुधार चाहिन्छ। क्रान्तिकारी भूमिसुधारको अवधारणा भित्र ति दुवै अवधारणा समेटिएका हुन्छन् भनी बुझ्नै पर्दछ।

ख) क्रान्तिकारी भूमिसुधारका आधारभूत रुपमा तीन वटा पक्ष हुन्छन्। एक भूमिको न्यायोचित वितरण गर्ने या जसको जोत उसको पोत कायम गर्ने या जो जमिनमा काम गर्छ उसैलाई जमिनको मालिक बनाउने। दुई भूमिको श्रम खपत नभएको श्रम शक्तिलाई उद्योग व्यापार लगायतका क्षेत्रमा स्थानान्तरण गर्ने त्यसको निम्ति औद्योगिकीकरणको महाअभियान शुरुवात गर्ने। तीन कृषि उत्पादकत्व बढाई व्यवसायीकरण गर्न कृषि बजार, उन्नत विउ विजन एवं प्रविधिको उपयोग र सहकारी तथा सामूहिक खेतीलाई प्रोत्साहित गरी कृषि क्षेत्रलाई समेत उद्योगको रुप दिने। यी तिनै उद्देश्यको केन्द्रिय सरोकारको विषय भने उत्पादकत्वमा बृद्धि र कृषि क्षेत्रको श्रम शक्तिलाई न्याय गर्नु नै हुन्छ। यसरी यी तिन उद्देश्यलाई आत्मसात गरेका क्रान्तिकारी भूमिसुधारसंग अनिवार्य रुपमा औद्योगिकरण, सहकारी तथा सामूहिकीकरण र उन्नत प्रविधि जोडिएर आउँछन्। नेपालमा पनि स्वभाविक रुपमा यी तिनै उद्देश्य समेटिएको क्रान्तिकारी भूमिसुधार जरुरी छ भन्ने कुरा स्वतः सिद्ध छ। यस दृष्टि विन्दुवाट हेर्ने वितिक्कै नेपालमा आजभोली भूमिसुधार सम्वन्धी छलफलहरुमा रुमलिरहेका क्रयौं जिज्ञासाहरुले निकास पाउँछन्।

ग) नेपालमा क्रान्तिकारी भूमिसुधारका सन्दर्भमा १) तोकिने हदबन्दी भन्दा बढी जमिन भएका सामन्तहरुको जग्गा विना मुआब्जा जफत गरी राष्ट्रियकरण गर्नुपर्दछ र भूमिहीन तथा गरिब किसानलाई वितरण गरिनुपर्दछ। २)

> *भूमि क्रान्ति नभई कृषि क्रान्ति हुँदैन, त्यसैले भूमि क्रान्ति र कृषि क्रान्ति समेटिएको क्रान्तिकारी भूमिसुधार चाहिन्छ।*

मठ-मन्दिर गुठीको नाममा रहेको जग्गा रैकर बनाई सम्बन्धीत मोहीलाई दिइनुपर्छ। ३) खेतीयोग्य तथा खेतीयोग्य बनाउन सकिने बाँझो जमिन राष्ट्रियकरण गरी राज्यले सहकारीकरण गरी कृषकहरुको हातमा सुम्पिदिनुपर्छ। ४) गयल भूमिपति र तोकिने हदबन्दी भन्दा बढीं जमिन भएका धनी किसानको जग्गा मुआब्जा तिरेर राज्यले राष्ट्रियकरण गरि सहकारी बनाई किसानहरुको हातमा दिनुपर्दछ। ५) कृषि क्षेत्रलाई उद्योगको रुप दिन उन्नत प्रविधि कृषि बजार र कृषि क्षेत्रलाई सहुलियतकारी राहत प्याकेजको योजना राज्यले उपलब्ध गराउनु पर्दछ।

यस प्रकारको नीतिले स्वभाविक रुपमा कृषि उत्पादकत्व बढनेछ र कृषि उत्पादनलाई राष्ट्रिय-अन्तराष्ट्रिय रुपमा व्यापारिकरण गर्ने सम्भावना पैदा हुनेछ। त्यस्तो सम्भावनालाई राज्यले पछ्याउँदै जानु अनिवार्य छ। यस सन्दर्भमा प्रष्ट हुनुपर्ने विषय के हो कृषि क्षेत्र यसरी मुक्त हुने वितिक्कै कृषि क्षेत्र ठुलो श्रम शक्ति खपत गर्ने क्षेत्र बन्दछ र त्यसले आम जनताको क्रय शक्तिमा बृद्धि लाई औद्योगिक क्रान्तिको निम्ति प्रोत्साहन गर्नेछ। त्यसको मतलब हो कृषि क्षेत्रमा खपत हुन नसकेको श्रम शक्तिलाई विस्तारै उद्योग व्यापारको क्षेत्रमा स्थानान्तरण गर्न सम्भव हुँदै जानेछ। यसरी क्रान्तिकारी भूमिसुधारको वास्तविक प्रकृया शुरु गर्ने हो भने नेपाली समाजको वर्गीय संरचना केही दशकमै आनकातान फेरबदल हुने निश्चित छ। नयाँ समस्याहरु त्यसपछि पर्ने नै छन् तर आजको पुरातन सामन्तवादी समस्यावाट नेपाली समाज मुक्त हुने निश्चित छ।

औद्योगिकरणको महान ढोका खोल्ने यसप्रकारको क्रान्तिकारी भूमिसुधारको ढोका खोल्न दृढतापूर्वक वकालत गर्न लाग्नुको सट्टा यतिखेर प्राविधिक विषयहरुमा नै माथापच्छी त्यो पनि भूमि विज्ञहरु वीच चलिरहनु दुःखको कुरो हो। हदबन्दी कति राख्ने ? तराई, पहाड र उपत्यकामा हदबन्दी तोकिएको बेठिक भयो। फलानाले तोकेको र अर्को फलानाले तोकेको फरक पर्‍यो नि ? जस्ता विषयमा समेत छलफल लम्बिनु सोभायमान विषय हुँदै होइन। हदबन्दी वारे विज्ञ तथा राजनीतिज्ञहरु सम्मिलित कार्यदल बनाई निष्कर्ष निकाल्न सकिन्छ। त्यसपछि पनि एक विघा वा केही रोपनी तल माथि पर्न सक्ला तर त्यसले आधारभूत उद्देश्यमा फरक पार्दैन। साच्चै अन्याय भए सच्याउन सकिन्छ मुख्य कुरा "जसको जोत उसको पोत गर्ने कि नगर्ने?" हिन्दु सामन्तवादी भूमि स्वामित्वलाई भत्काएर न्यायपूर्ण भूमि वितरण गर्ने कि नगर्ने ? यो राजनैतिक मुद्दा नै हल गर्नु पर्दछ। हामी सबै राज्यको पून संरचना हुँदा भूमि सम्बन्धको नयाँ संरचना गर्ने प्रतिबद्धतामा राज्यलाई ल्याई पुऱ्याउन नै लाग्नु पर्दछ। ■



# भूमि आयोग चाँडै बन्छ

– जगत बहादुर बोगटी
*भूमिसुधार तथा व्यवस्था मन्त्री*

***तपाई भूमिसुधार तथा व्यवस्था मन्त्री भए यता के कस्ता कामहरु गर्नुभयो ?***

हामीले मुक्त कमैयाको भूमि समस्या, सुकुम्बासी समस्या, गुठी समस्या लगायतका भूमि सम्बन्धी धेरै पक्षहरुमा काम थालेका छौं ।

***अझ केन्द्रित भएर भन्नु न। जस्तै : कमैयाको हकमा के गर्नुभयो ?***

घरवारविहिन मुक्त कमैयाहरु मध्ये १२ हजार १९ परिवारलाई २३ सय ८१ विगहा जग्गा उपलब्ध गराईएको छ भने घर निर्माणका लागि प्रति परिवार १० हजार नगद र ३५ क्युविक काठ उपलब्ध गराईएको छ। त्यस्तै मुक्त कमैया पूर्नस्थापना समितिहरु मार्फत ३७ सय ७ परिवारलाई ५ सय ५० विगहा जमिन उपलब्ध गराईएको छ।

***अनि अन्य समस्याहरुमा के काम भइरहेको छ ?***

सुकुम्बासी, भूमिहीन, मोहियानी, अव्यवस्थित वसोवास, गुठी, उखडा, आँकडा, मुआब्जा, सट्टाभर्ना, झोरा, अमानती र विर्ता लगायतका सम्पूर्ण भूमि समस्या समाधान गर्न ठोस कामहरु भैरहेको छ। त्यस अन्तर्गत इलाम जिल्लामा चुलाचुली क्षेत्रको अव्यवस्थित वसोवास सम्बन्धी समस्या समाधान गर्न दाङ जिल्ला अन्तर्गत सिद्ध रत्न नाथ गुठीको जोताहाको समस्या समाधान गर्न, सुनसरी जिल्ला कोशी कटानवाट विस्थापित परिवारहरुको वसोवास सम्वन्धी समस्या समाधान गर्ने लगायत विभिन्न समस्या समाधानका लागि समितिहरुको गठन गरिएको र ति समितिहरुले आफ्नो काम शुरु गरिसकेका छन् साथै छुट दर्ता सम्वन्धी परेका निवेदनहरुको अन्तिम टुङ्गो लगाउने म्याद २०६५ असार मसान्तसम्म थप गरिएको छ।

द्वन्दका समयमा अछाम जिल्लाको मालपोत र नापीका नक्सा, श्रेस्ताहरु ध्वस्त भएको हुनाले उक्त जिल्लाको जग्गाको नापी गरि लगत तयार गर्ने निर्णय भइसकेको छ। त्यस्तै सरकारी/सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने/संरक्षण गर्ने सिलसिलामा पर्वत र म्याग्दी जिल्लाको सरकारी सार्वजनिक जग्गाको विवरण सहितको पुस्तिका प्रकाशन गरिएको र यसलाई विस्तार गर्ने क्रममा थप ८ जिल्लाको पुस्तिका प्रकाशित गर्ने कार्यक्रम राखिएको छ।


एक अर्न्तक्रिया कार्यक्रममा मन्त्री (वायाँबाट दोस्रो)

राजाका नाममा रहेका दरवार, निकरुञ्जहरु नेपाल सरकार (मं.प.) को निर्णयानुसार नेपाल सरकारका नाममा कायम गरिएको छ भने अन्य जग्गाहरुको विवरण सम्बन्धित समितिमा पेश गरिएको छ।

लेखनाथ नगरपालिका, कास्कीको एउटा वडामा पाइलट प्रोजेक्टको रुपमा स्थानिय उपभोक्ता समिति मार्फत २०६५ असार भित्र भू-उपयोग कार्यक्रम कार्यान्वयन शुरु गर्ने गरी कार्ययोजना बनी रहेको छ। भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाडौं विश्व विद्यालय बीच सहकार्य भई जियोम्याटिक्स इन्जिनियरिङ्गमा स्नातक कोर्श शुरु गरिएको छ। समस्याहरुको समाधानको लागि ठोस कदम त्यो पनि हो।

मैले भन्न खोजेको यि समस्या समाधानका लागि उच्चस्तरिय भूमि आयोग गठन गरिंदैछ। यसको लागि मन्त्री परिषदमा प्रस्ताव पेश भइसकेको छ तर समितिहरु गठन गरेर गर्न सकिने काम त पेश गर्नै पर्‍यो नी।

***गठनमा किन ढिलाइ भइरहेको छ ?***

मन्त्री परिषदले चाँडै निर्णय गर्छ भन्ने मैले आशा लिएको छु।

***संविधानमा बैज्ञानिक भूमिसुधार गर्ने कुरा उल्लेख छ त्यसको पहलका कत्तिको काम भइरहेको छ ?***


बैज्ञानिक भूमिसुधारलाई परिभाषित गरि सो को पूर्वाधार तयार पार्ने क्रममा राष्ट्रिय योजना आयोगसंग समन्वय गरी आठ राजनैतिक दलहरुको राय सुझावका आधारमा अवधारणा पत्रको मस्यौदा तयार पार्ने काम भइरहेको छ।

***संविधानमा जमिनमा कहिल्यै श्रम नगर्ने जमिन्दारको जमिन किनेर जमिनमा संधै श्रम गर्ने भूमिहीनलाई जमिन बेच्ने आशयको प्रावधान छ यसरी बैज्ञानिक भूमिसुधार हुन्छ ?***

भूमिहीनलाई भूमि हुनुपर्छ। भूमि दिने प्रक्रियाका वारेमा सरकारमा हाम्रा पनि मतभेदहरु छन्। ■

**सन्दर्भ : विश्व अहिंसात्मक दिवश**

# जनादेश २००७
# अंहिसात्मक आन्दोलनको यात्रा



■ जगत देउजा

*सम्पूर्ण जनादेश प्रकृयामा करिब १५०,००० जनताले भाग लिनेछन् । २५,००० भारतीय र २५००० बिदेशीहरुले गरिब जनताको भूमि लगयातका समस्या समाधानका लागि प्रधानमन्त्रीलाई चिठ्ठी लेख्नेछन् ।*

अक्टोबर २, बीसौं शताब्दीका महान् व्यक्ति महात्मा गान्धी (मोहनदास करमचन्द गान्धी) को जन्म दिन । भारतको गुजरात राज्यको पोरबन्दरमा जन्मेका उनले अहिंसात्मक आन्दोलनद्वारा आफ्नो देश भारतलाई अँङ्ग्रेजहरुको अधिनबाट स्वाधीन बनाए । उनी सत्य, सहिष्णुता, प्रेम र अंहिंसाका पुजारी थिए । शत्रुलाई पनि प्रेम र अंहिसाबाट जित्न सकिन्छ भन्ने मान्यता उनको थियो । अँङ्ग्रेजहरुको उपनिवेशबादलाई अन्त्य गर्न उनले हिंसाको नभई अंहिसाको मार्ग अवलम्बन गरेर विश्वलाई नै नैतिक बलको महत्व बुझ्ने मौका प्रदान गरे । माया र नैतीकताको अगाडि हिंसाको जहिले पनि हार हुने कुरालाई प्रमाणीत गरेर देखाईदिए । यही गान्धीको जन्मदिनलाई सन्दर्भ पारेर भारतमा अहिंसात्मक आन्दोलनको एउटा अत्यन्तै असल अभ्यास यही अक्टोबर २ बाट हुन गईरहेको छ । जसलाई जनादेश २००७ भनिएको छ । यस अन्तर्गत भारतको ग्वालीयरदेखी दिल्लीसम्म जम्मा ३१३ किमी लामो जनमार्च गरिदैंछ । यो जनमार्चमा नियमित रुपमा २५ हजार जन अगुवा र अधिकारकर्मीहरु सहभागी हुनेछन् । सन् १९७२ मा ५ सय सशस्त्र लडाकुले हतियार विसाएको ठाउँ ग्वालीयरलाई जनादेश शुरुको स्थान बनाईएको छ । यसको अगुवाई एकता परिषद भारतले गरेको छ ।

माहात्मा गान्धीको अहिंसात्मक सिद्धान्तमा आधारित एकता परिषद् जनतामा आधारित संगठन हो । करिब १५०,००० गरिब मानिसहरु भारतका मध्ये प्रदेश, छतिसगढ, विहार र ओरिसा राज्यहरुवाट एकता परिषदका सदस्य रहेका छन् । यि सदस्यहरुमा विशेषगरी गरिब, पिछडिएका किसानहरु, भूमिहीन, दलित र पिछडिएका वर्गहरु पर्दछन् । विशेषगरी कठिन काम गरेर न्यूनतम पारिश्रमिक पाउने, भूमि अधिकारबाट बञ्चित, जातिय विभेदका शिकार बनेका, श्रम शोषणमा परेकाहरुको अधिकारका विषयमा काम गर्ने एकता परिषद अंहिसात्मक आन्दोलनको प्रर्वतकको रुपमा स्थापीत भएको छ ।

यस जनादेशले जनता नै सर्वश्रेष्ठ हुन् र उनीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन उनीहरुकै संघर्षले मात्र सम्भव हुन्छ भन्ने दृष्टिकोण बोकेको छ । जनशक्ति नैतिक शक्तिले निर्धारित हुनुपर्छ । विभिन्न विचारधाराहरुवाट प्रेरित भएका विभिन्न व्यक्तिहरु एक आम उद्देश्यका लागि संगै मिलेर काम गर्न सक्छन् । देशको मूलधार मानिने र गनिने व्यक्तित्वहरुले आदिवासी दलित र महिलाहरुको आवाज सुनि समाजलाई एकिकृत गरिनुपर्छ । हिंसात्मक आन्दोलनले कुनै पनि प्रकारको समस्या समाधान गर्दैन । जनशक्तिको शान्तीपुर्ण परिचालनबाट मात्र समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता बोकेको छ ।

सम्पूर्ण जनादेश प्रकृयामा करिब तीन लाख जनताले भाग लिनेछन् । २५ हजार भारतीय र २५ हजार विदेशीहरुले गरिब जनताको भूमि लगयातका समस्या समाधानका लागि प्रधानमन्त्रीलाई चिठ्ठी लेख्नेछन् । करिब २५ हजार बालबालिकाले आन्दोलनमा मित्रताको हात अगाडि बढाउनेछन् । २५ हजार पीडितले अधिकारको लागि लिखीत दावी गर्नेछन् । र अरु २५ हजारले नियमित रुपमा मार्चमा सहभागी हुनेछन् । १ महिनासम्म १ छाक मात्र खाएर खुला आकाशमा नै सुत्नेछन् ।

बढ्दो र गहिरिँदो गरिबी, सामाजिक असमनाता, हिंसा र स्रोतको असमान वितरण जस्तो बर्तमान दुरावस्थालाई कम गर्न भूमिसुधारको मुद्दालाई नयाँ सिराबाट जनमुखी ढंगले लागु गर्न जनमत तयार गर्दै त्यसका लागि दवाब दिने उद्देश्यले जनादेश २००७ गर्न लागिएको आयोजकहरुले बताएका छन् । सरकारले भूमिसुधारका कयौं आश्वासन र बचनहरु व्यवहारमा नउतारेको, उनीहरुको बोली र व्यवहारमा आकास जमिनको फरक देखिएको, भूमिको समस्या व्यवहारमा हल नहुँदा हिंसा बढ्दै गएको, गरिबी फैलिदै गएको अनि पछिल्ला वर्षहरुमा गरिबी र हिंसाका कारण आत्महत्या गर्नेहरुको संख्या पनि ह्वात्तै बढेको परिवेशमा गबिहरुमा थप निराशा आउन नदिन र सरकारलाई गरिबप्रती जवाफदेही बनाउन यो जनादेश उद्घोष गरिएको हो ।

जमिन र जिविकाको अधिकार प्राप्त गरि प्रतिष्ठामुलक जिवन सुनिश्चित गर्ने, खाना, मान प्रतिष्ठा र आफ्नो सही मूल्य नबुझेका

वा नपाएको व्यक्तिहरुलाई संगठित गरी उनीहरुलाई समानता र न्यायको पाठ सिकाई आत्मविश्वास बृद्धि गर्न सहयोग पुऱ्याउने आदि लक्ष्य जनादेशले राखेको छ । जनादेश २००७ ले राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रियस्तरसम्म गरिवको मुद्दा र संगठीत शक्तिलाई सुदृढ बनाउने, अधिकार र परिवर्तनको पक्षमा जनमत खडा गर्ने, परिवर्तनको लागि ग्रामिण क्षेत्रबाट नैतिक र जन दबाब दिने, असंबैधानिक र अलोकतान्त्रिक प्रकृयाको बिरोध गर्ने अठोट लिएको छ ।

जनादेशलाई प्रभावकारी बनाउन विभिन्न तहमा सन् २००४ बाट नै तयारी शुरु गरिएको थियो । १ छाक खानको लागि उनीहरुले २००४ बाट नै घरघरमा जनादेश गाग्रो राखेर केही अन्न र रकम जम्मा गर्दै आएका थिए । गान्धीको नुनमार्च आन्दोलनबाट प्रेरित यो आन्दोलन अक्टोवर २००७ भरी चल्नेछ । २५,००० जनताहरु लगायत २०० विश्वका अधिकारकर्मीहरुले नियमीत सहभागिता जनाउने भएपनि दिल्लीमा ३ लाख जनताले यात्रीलाई साथ दिने गरी योजना गरिएको छ । दिल्लीमा आफ्ना मागहरु पुरा गराउन दिल्लीको संसद भवन अगाडि विरोध प्रदर्शन हुनेछ । यस क्रममा जनताका कुरा नसुनिएमा व्यवस्थापिका र न्यायपालिका माथि प्रश्न उठाईनेछ । अनिश्चितकालिन आन्दोलन अगाडि बढाईनेछ । न्यायको लागि भोक हडताल गरिनेछ । उनीहरुले यसबिचमा कुनै तोडफोड गर्ने छैन् । चक्काजाम वा हड्ताल घोषणा गर्ने छैनन् ।

यी आन्दोलनको पाठ सिक्न सके हामीले दिनहुँको चक्काजाम र हडताल ब्योहोर्नु पर्ने थिएनकी ? जजसले गरेको भएपनि बन्दका कार्यक्रमले रुपान्तरण वा विनास के भईरहेको छ ? भनेर विश्लेषण गर्न ज्यादै नै ढिला भईसक्यो । हामी नेपालीहरु साना भन्दा साना कुरामा सहमती र सम्बादको संस्कृतिको सट्टा आक्रोस र हिंसातर्फ लम्किदैंछौं, यो पक्के पनि विनाशतीरकै यात्रा हो ।

सशत्र जनयुद्दमा होमिएका माओबादीसँग बृहद शान्ती सम्झौता भएपछि धेरै नेपालीलाई लागेको थियो, अब देशमा शान्ती आयो ।




*अब सबैले बुझ्नु आवस्यक छ, राजनैतिक र सैन्य शक्ति थोरै व्यक्तिहरुको हातमा भएपनि आम जनतासँग ठुलो नैतिक बल छ, अन्याय, अभाव, अधिकारवीहिनता र असमानतालाई जनताको साहशले मात्र ठिक गर्न सक्छ ।*

समुन्नतीका नयाँ नयाँ ढोका खुल्छ । तर त्यसो भएन, सम्झौता पछिका धेरै महिना वितिसक्दा पनि देशमा झनै अशान्ती बढेको छ । जनयुद्दमा होमिएका छापामार सैन्य र सैनीक बिचको लँडाई त रोकिएको छ तर यस बिचमा जनता जनता बिचमा नै भिडन्तहरु भयाभव तरिकाले बढ्दै गएका छन् । यसपछि पुर्वी तराई ९ महिनादेखी लगभग बन्दको अवस्थामा छ । पसलका सटरहरु मुस्किलले आधा खुल्छन् । नियमित रुपमा यातायात कहिल्यै सहज बनेको छैन । गौरमा नरसंहार गराईयो । पश्चिमको नेपालगञ्जमा ठुलो लुटपाट भयो । काठमाडौंको सार्वजजिक यातायातमा बम विष्पोट गराईयो । कपिलवस्तुको जघन्य अपराध ताजै छ । यि सबैं हिंसात्मक दुश्चक्रले आखिर नेपाल र नेपालीलाई नोक्सानी मात्र पुगेको छ ।

हाम्रा नेताहरुसँग राजनैतिक शक्ति छ, सरकारसँग सैन्य शक्ति पनि छ तर य दुबैसँग नैतिक शक्तिको ठुलो अभाव देखिदैं गएको छ । राजनीतिमा रणनीति र बठ्याँईमात्र हैन नैतिक बल ज्यादै महत्वपूर्ण हुन्छ । अब सबैले बुझ्नु आवस्यक छ, राजनैतिक र सैन्य शक्ति थोरै व्यक्तिहरुको हातमा भएपनि आम जनतासँग ठुलो नैतिक बल छ, अन्याय, अभाव, अधिकारवीहिनता र असमानतालाई जनताको साहशले मात्र ठिक गर्न सक्छ । नैतिक शक्तिमा जती ताकत अरु कुनै शक्तिमा पनि हुदैन ।

जब जनता अंहिसात्मक आन्दोलनमा उत्रन्छन्, त्यँहा सबै प्रकारका तानशाह हार्छन । गएको ऐतिहासिक आन्दोलनमा त्यसै भएको थियो । अहिले बर्मामा भिक्षुहरुको अगुवाईमा भएको आन्दोलन यसैको एउटा उदाहरण हो । हतियारको प्रयोग नगरीकन पनि अत्याचार र अपमानको बिरुद्द अनि रुपान्तरणको पक्षमा लड्न सकिन्छ । ■

# ताइवानमा भूमिसुधार



■ जगत बस्नेत

**(हाम्रो मुलुकमा भूमिसुधारको कुरा उठिरहेको छ । भूमिसुधार भनेकै के हो भन्नेदेखि यो कसरी गर्न सकिन्छ, यसका राम्रा/नराम्रा पक्ष के छन् जस्ता यावत् प्रश्न उठ्ने गरेका छन् । त्यसैले अन्यत्र मुलुकमा कसरी भूमिसुधार भइरहेका छन्, तिनको परिणाम के भयो र हाम्रो मुलुकको परिप्रेक्ष्यमा त्यसलाई कसरी मूल्यांकन गरिनुपर्ला भन्नेबारे जानकारी प्रदान गर्ने उद्देश्यले ताइवानमा भएको भूमिसुधारबारे उल्लेख गरिएको हो ।)**

ताइवानमा ३ चरणमा जसको जोत उसको पोतका आधारमा भूमिसुधार गरिएको थियो । तर यी चरण लामा अवधिका थिएनन् । पहिलो चरण सन् १९४९ मा शुरु भयो । उक्त चरणमा पहिला जमिन कमाउने मोहीले उत्पादनको ३७ प्रतिशतभन्दा बढी तिर्नु नपर्ने र मोहीको मान्यता दिनुपर्ने, भुमिसुधार नभएसम्म वा कम्तिमा ६ वर्षसम्म मोहियानी हटाउन नपाउने व्यवस्था गरियो । यसले जमिनको मूल्य घट्यो । अनि जमिनको पुनर्वितरणको सवाल अगाडि सारियो ।

दोश्रो चरण सन् १९५१ बाट शुरु भयो । खेतीयोग्य सार्वजनिक वा सरकारी जमिन भूमिमा आश्रित किसानलाई बाँडियो । मूल्य वार्षिक आम्दानीको २.५ गुणा तिरे हुने व्यवस्था गरियो । प्रतिकिसान परिवार जमिनको सीमा सिंचित क्षेत्र जहाँ धान हुन्छ, त्यहाँ ०.५ देखि २.५ हेक्टरसम्म, सुख्खा क्षेत्रमा १ देखि ४ हेक्टर तोकियो । यसमा किसानलाई १० वर्षसम्म उत्पादन भएको जिन्सी नै बुझाए हुने व्यवस्था गरियो । यसबाट २ लाख ६६ हजार किसान परिवारले जमिन पाए ।

तेश्रो चरण सन् १९५३ बाट शुरु गरियो । जमिन जोत्नेको हुने व्यवस्थाअन्तर्गत भूमिसुधारको काम अगाडि बढाइयो । जमिनदारलाई आफ्नो जमिन सम्बन्धित जोताहा किसानलाई न्युनतम मूल्यमा बेच्न उत्साहित गरियो । जमिनको मूल्य वार्षिक आन्दानीको २.५ गुणा दिने निर्णय भयो । यसबाट एक लाख ६६ हजार किसानले जमिन पाए । जम्मा २ चरणमा गरेर ४ लाख ३२ हजार किसानले जमिन पाए ।

ताइवानमा आंशिक क्षतिपूर्ति पनि दिइयो, आंशिक जमिन अधिग्रहण पनि गरियो । यसले शक्ति सन्तुलनमा र सरकारमा आकस्मिक परिर्वतन ल्यायो । रुपान्तरण ल्यायो । यसको नतिजा अचम्मको भयो, उत्पादनमा नसोचेको वृद्धि भयो । बहुबाली लगाउन थालियो । निष्क्रिय श्रम परिचालित भयो । रोजगारी सृजना भयो । उत्पादन वृद्धि वार्षिक ५.६ ले हुँदै गयो । जमिनदारलाई १० प्रतिशतसम्म नगद दिइयो र ३० प्रतिशत राज्यका ठूला चार उद्योगका लागि स्टकमा राखियो, जुन निर्माण हुँदै थिए ।

यसलाई औद्योगिक बन्ड पनि भनिन्छ । यसमा के सिद्धान्त लिइयो भने कि लगानी गर, नत्र पैसा पाउँदैनौ भन्ने प्रक्रिया अपनाइयो । भूमिसुधारका लागि नै पैसा छपाइयो तर पैसाको तुरुन्तै लागनी हुनुपर्ने नियम बनाइयो ।

त्यसैले पैसाको मुद्रास्फीति हुन पाएन । यसलाई छिटोभन्दा छिटो औद्योगिकीकरणमा लगानी गरियो । उत्पादन र उपभोगलाई उत्तिकै मुल्य दिइयो, जमिनबाट आएको पैसा लगानी गर्ने प्रतिस्पर्धा नै भयो । जमिनादारहरु औद्योगिक व्यवसायीमा परिणत भए । जोताहा किसान जमिनका मालिक भए । थोरै विदेशी सहयोगमा भूमिसुधार गरियो भने अरु पैसा देशभित्र भएकोबाट परिचालन गरियो ।

ताइवानबाट केही कुरा : कोलोनीको अन्त्यसँगै भूमिसुधारको लहर आएको पाइन्छ । ताइवानमा भूमि अधिकारबाट वञ्चितलाई वर्गीकरण गरिएको छ- घरबास नभएका, खेतीपातीबाहेक अरु जीविकाको आधार नभएका तर भूमिहीन, साना किसान आदि । हामीकहाँ पनि कति तह छन् छुट्याउनुपर्दछ । भूमिसुधारको चित्र हेर्दा, सुनाउँदा गरौं गरौं लाग्नेखालको हुनुपर्दछ । एकैचोटि क्रान्तिकारी भूमिसुधार आउँदैन । बाटो चाहिन्छ । हरेक कुराको चरण हुन्छ । परिवर्तन प्रलय मात्र होइन । ताइवानमा चरणबद्ध र स्वभाविक ढंगले खेती नगर्नेलाई खेतीबाट हटाइदिएको छ । जमिन जोत्नेको गराउनुपूर्व पहिले जोत कायम गरेर जमिन जोत्नेको हातमा पुऱ्याउने रणनीति राम्रोसँग सोचेर लिइएको छ । भूमिसुधारपछि सरकारमा पनि आकस्मिकरुपमा परिवर्तन आएको छ ।

तसर्थ हामीकहाँ पनि भूमिसुधार नगरी राज्यमा गरीब र उनीहरुका मुद्दाले ठाउँ पाउँदैनन् भनेर गर्ने तर्कलाई यसले पनि मद्दत गर्दछ । भूमिसुधारले उत्पादन वृद्धि र शक्ति सम्बन्धमा रुपान्तरण ल्याएको छ । हामीले भूमिसुधारको मोडल यस्तो हुनुपर्दछ भन्ने मात्र हैन कि कसरी गर्ने भन्ने चरण पनि दिनुपर्दछ । भूमिसुधार भूमिको अभाव भएर नै गर्ने हो, जति पनि भूमि हुने हो भने त भूमिसुधारको कुरै किन गर्नुपऱ्यो र ? उत्पादन नहुने ठाउँमा उद्योग स्थापनामा जोड दिइएको छ । ■

# आँगनमा नदी, सुत्न पालो

■ साइती चौधरी
*सदस्य, जिल्ला भूमिअधिकार मञ्च, बर्दिया*

दिनभर ज्याला गर्न जान्छौं । थकाईले लखतरान भएर झुप्रोमा आइन्छ । आँगनमा खोलो छ । कहिल्यै ढुक्कले सुत्न पाइन्न । वर्षातको समय बाढी बढ्ने डरले खोलो कुर्ने पालो राखेका छौं । यों त भयो रातिको कुरा । दिउँसो काममा जाँदा पनि पानी पर्न थालेपछि बच्चालाई केही भयो कि भन्ने चिन्ताले पिरोल्छ । मनमा कति पीडा छ भन्ने बयान गरिसाध्य छैन । बर्दिया, महम्मदपुर ९ सानु बिक्री टोलको वास्तविकता हो यो । यहाँ हामी ४० घर भूमिहीन बस्छौं । त्यसमध्ये ५ घरको पुर्ख्यौली बर्दिया र बाँकीको दाङ हो । विभिन्न समयमा ज्यान पाल्ने उपाय खोज्दै यहाँ जम्मा भएका हौं । हामीमध्ये धेरैजसो जमिन्दारका घरमा काम गर्न झिकाइएका थियौं ।

मेरो पुर्ख्यौली घर दाङको उरहरि हो । त्यहाँ मालिकको जग्गा जोतेर खाँदा असाध्यै दुःख थियो । त्यतिखेर जोतेको जग्गामा मोहियानी हक कायम भए पनि मालिकले जालझेल गरेर मोही निष्काशन गरेको आमा गुनासो गर्नुहुन्छ । त्यहीबेला बुबालाई कसैले बर्दियामा गरेर खाने जमिन पाइन्छ भनेर सुनाएछ, त्यही जग्गाको खोजीमा २०४५ सालमा यहाँ आइपुग्यौं ।

शुरुमा महम्मदपुरकै जमिन्दार प्रेम चौधरीको घरमा बुबा कमैया बस्नुभयो । कमैया बसेबापत जमिन्दारले नै बासको व्यवस्था गरेको थियो । आमा त्यही घरको घरधन्दा र खेती लगाउने काममा सघाउनुहुन्थ्यो । हामी दुई दिदी-बहीनी बाखा चराउने काममा खटाइन्थ्यौं । कामको मौसममा जमिन्दारकहाँ नै खाइन्थ्यो । बुबालाई वर्षमा १ जोर नयाँ लुगा हालिदिन्थे । हामीले भने कहिल्यै नयाँ लुगा देख्न पाएनौं । पूजा र चाडबाडबाहेक कहिल्यै फुर्सद भएन ।

यसरी बस्दा पनि बेलाबेलामा हप्की खानुपरेपछि केही समय बटैया गरेर खायौं । पछि काला भेलबार भन्ने ठाउँमा सुकुम्बासी बस्ती बसाल्ने भनेपछि उतै गयौं । १५, १६ कठ्ठा जग्गा बनाएर बसेका थियौं । राम्ररी खान पुग्थ्यो । सो बस्ती बसाल्ने बेला मदन भण्डारी पनि आउनुभएको थियो । संयोग होला, भण्डारी मारिएपछि त्यहाँबाट वन मासेको आरोपमा २०४९ सालमा डोजर लगाएर हामी लखेटियौं । त्यसपछिका ८ महिना नदीको बालुवामा नै बसियो ।

> *हामीलाई सुरक्षित ठाउँमा सार्न सकिने जमिन बर्दियामा प्रशस्त छ । कम्तिमा सुरक्षित ठाउँमा बास उभ्याउने मात्र जमिन दिए पनि २ पहर रात निदाउन सकिन्थ्यो । घामपानीबाट बच्न सजिलो हुन्थ्यो ।*

अहिले हामी जहाँ छौं, त्यहाँको भाधा नदीमा २०६३ साल भदौमा तिजको दिन ठूलो बाढी आयो । घर सबै भत्कियो । नजिकको स्कूलको छत र जंगलमा गएर ज्यान जोगाइयो । २ दिनसम्म भोकै पर्‍यौं । केही दिनपछि त्यही ठाउँमा छाप्रो बनाएर बस्नुको विकल्प रहेन । यही खोलाले ५ वर्षको अवधिमा २ को ज्यान लिइसक्यो । फेरि वर्षा लागेपछि निद हराएको छ । हामीलाई सुरक्षित ठाउँमा सार्न सकिने जमिन बर्दियामा प्रशस्त छ । कम्तिमा सुरक्षित ठाउँमा बास उभ्याउने मात्र जमिन दिए पनि २ पहर रात निदाउन सकिन्थ्यो । घामपानीबाट बच्न सजिलो हुन्थ्यो । कहिल्यै जमिन नटेक्ने राणाहरुका नाममा सयौं विगाहा जमिन छ । यस ठाउँमा आउने प्रहरी, सेना, सरकारी अधिकारी धेरैले जग्गा जोडेका छन् । पुस्तौंदेखि जग्गामा जोतिएका हामीले भने बाससम्म पाएनौं ।


म हाम्रा लागि राजनीति गरेको भन्ने नेताज्यूहरुलाई बस्तीमा आउन अनुरोध गर्दछु । एक रात यहीं बसेर दुःखमा साथ दिनुहोस् । नडराउनुहोस् तपाईंहरुलाई बाढी कुर्न लगाउँदैनौं । संघ/संस्थाका कार्यकर्ता र मानवअधिकारवादीलाई पनि निम्तो छ, बाढीले सखाप पारेपछि पाल बाँडेर समस्या हल हुँदैन । कम्तिमा बाढी नआउने ठाउँमा त बस्ने व्यवस्था मिलाइदिनोस् । हामी पनि सुत्न पाऔं । सरकारी निकायलाई म केही भन्दिन, किनकि यिनीहरुले हामीलाई कहिल्यै मान्छे ठानेनन् । उनीहरुलाई त धनीलाई नै तेल लाउँदैमा ठीक छ । जनताको सरकार बन्यो रे भन्ने सुनेको छु । कसका लागि के गर्दैछ, त्यो ? मैले भने भेउ पाउन सकेको छैन । ■

*(जगत देउजासँगको कुराकानीमा आधारित)*

दल धर्नाका अनुभव

# गरीबले लालपूर्जालाई किन मान्यता दिने ?

■ दुःखीराम
*अध्यक्ष, जिल्ला भूमिअधिकार मञ्च, सप्तरी*



नाम मात्र दुःखी हैन, मेरो जिन्दगी पनि दुःखैदुःखमा बितिरहेको छ । आफू गरीब भए पनि गरीब जनतालाई संगठित गर्ने र अधिकारका लागि संघर्षमा जुटिरहेको छु । दलित र भूमि अधिकारका लागि संघर्ष गर्दा जमिन्दार र उच्च जातका मान्छेले मेरो घरमा ५ पटकसम्म खानतलासी गर्न लगाए । ६ महिना सेनाले बेपत्ता पा-यो । १५ महिना जेलमा हाले । भएका सबै ज्यादति त यो सानो लेखमा भनी साध्य नै छैन ।

म र राष्ट्रिय भूमि अधिकार मञ्चका साथीहरु छाप्रो उभ्याउने जमिनका लागि वर्षौंदेखि लडिरहेका छौं । तर सरकार वास्तविक भूमिहीनको पहिचान गर्न नसकेर सारा भूमिहीनलाई नै फटाहाको रुपमा बुझिरहेको छ । सुकुम्वासी आयोग बनाउँदा आफ्ना कार्यकर्तालाई मात्र जग्गा बाँड्ने राजनीतिक दल गरीबका समस्यामा एक रौं पनि संवेदनशील छैनन् । अरु त के, ऐतिहासिक जनआन्दोलनपछि बनेको सरकारले पनि गरीबका पक्षमा सिन्कोसम्म भाँच्न सकेको छैन ।

हामी जस्ताको जीवनमा परिवर्तन ल्याउन भूमिसुधार नगरी भएको छैन तर नेपालमा भूमिसुधारको मुद्दामा केवल राजनीतिमात्र भएको छ । गरीबलाई बारम्बार झुक्याइएको छ । भमिसुधारको थालनीसम्म भएको छैन । यसै सन्दर्भमा दललाई भूमिसुधारका पक्षमा नैतिक दबाव दिने उद्देश्यले हामी भूमि अधिकारबाट वञ्चितहरु जेठको १ बाट दलको जिल्ला कार्यालय र ७ गतेबाट केन्द्रीय कार्यालयअगाडि धर्नामा बस्यौं । २०६३ साल असोज १ गते भूमिसुधार मन्त्रालय र हाम्रो संगठनबीच भएको सहमति कार्यान्वयन हुनुपर्दछ भन्ने माग थियो । किनकि असोज १ को सम्झौता अर्को असोज आइसक्दा पनि कार्यान्वयनमा आएको छैन ।

जहाँ वास्तविक भूमिहीनको पहिचान गरी जग्गा उपलब्ध गराउने, गुठी जग्गा रैकर गर्ने, बेदर्तावाल मोहीलाई मोहियानी हक दिनेलगायत्का विषय समेटिएका छन् । सरकारले गरेको लिखित वाचा पूरा नगर्ने हो भने हामी सरकारले बाँडेको लालपूर्जा मान्दैनौं । खेती गर्नेबाहेकलाई जग्गा दिदैंनौं । संगठन मिलेर जग्गा जोत्छौं र कसैको पनि लालपूर्जाको आधारमा जग्गा दावी गर्ने कुराको विरोध गर्छौं । सरकारले गरेको लिखित सम्झौता कार्यान्वयन नगर्ने हो भने हामी पनि सरकारले लादेको लालपूर्जाको आधारमा जमिन्दारको जग्गा हेरेर बसिरहँदैनौं ।

हामी नेता बनाउने मिस्त्री हौं । मिस्त्रीको कुरा नसुन्ने हो भने हामीले अब नेता बनाउँदा विचार पु-याउनुपर्दछ । जनताका आवाज नसुन्ने र गरीब विरोधी नेतालाई गाउँमा नाकाबन्दी गर्नुपर्दछ । हामीलाई दलका कार्यालयमा धर्ना बस्दा गरीबलाई कसले सघाउँछ र कसले सघाउँदैन भन्ने बुझ्न सजिलो भयो । दलभित्रकै पनि केही व्यक्तिको चरित्र र दृष्टिकोण राम्ररी बुझ्ने मौका पायौं । आठ दलमा २९ घण्टा र प्रधानमन्त्री निवासअगाडि २ दिन धर्नामा बस्दा थाहा भयो- सरकार र धेरैजसो पार्टीहरु जमिन्दारले घेरिएका रहेछन्, जग्गा मात्र हैन, पार्टी पनि जमिन्दारको कब्जामा रहेछ ।

भूमिसुधारको नाममा हामीलाई धेरै झुक्याइयो, दलहरुलाई हाम्रो अनुरोध वाचा पूरा गरौं भन्ने हो । उक्त अनुरोधलाई केही दलले सकारात्मकरुपमा लिएर सहयोग पनि गरे । उनीहरुले आठ दलको बैठकमा भूमिसुधार गर्नुपर्ने कुरा नउठाएका हैनन् तर रामचन्द्र पौडेलले आयोग नबनाऔं, कति आयोग बनाउने ? धान्न सकिँदैन भनेछन् । यो सरकार अनेकन आयोग, रामचन्द्र पौडेलकै लागि नयाँ मन्त्रालय, ३३० जना विधायक धान्न सक्छ तर गरीब जनताको मात्र हैन, सिँगै देशको समुन्नतिसँग जोडिएको भूमिसुधारको थालनीका लागि माग गरिएको भूमि आयोग कसरी धान्ने भन्ने चिन्ताले उनलाई सतायो । एकप्रकारले सोच्दा यो ठीकै पनि हो किनकि धनीहरुका लागि भएको भए पो धान्न सकिन्थ्यो ।

सद्भावनाका नेताले आठ दलको बैठकमा भूमिसुधारको विरोध गरेको भन्ने कुरा बाहिर आयो । यो हामीलाई पहिल्यै अनुमान थियो । किनकि उनको कार्यालयमा बस्दा त्यहाँका कार्यालय सचिवसम्मका साथीहरुले असाध्यै राम्रो व्यवहार गर्नुभयो तर प्रवक्ताले म समय दिन सक्दिन भन्नुभयो । हाम्रा मागका सम्बन्धमा सद्भावनाको लिखित धारणा माग्दा जेठ ४ गते बुझाइसकिएको पत्र ११

गते 'पाएँ' भन्ने पत्र पो दिएछन्। मलाई त्यो रात निन्द्रा परेन। म पनि सद्भावनाको वडा अध्यक्ष भएको मान्छे हुँ। सद्भावनाले यसरी गरीबको भावनामाथि खेलवाड गर्ला भन्ने लागेको थिएन।

भूमिसुधार सबभन्दा बढी तराईमा चाहिएको छ। जहाँ धेरै जमिन्दार छन्, त्यहीँ धेरै भूमिहीन छन्, हरुवा-चरुवा छन्, जोताहा मोही छन्। तराईमा नै गरीब र धनीबीच ठूलो खाडल छ। यो खाडल भूमिसुधार नगरी पुरिन सम्भव छैन। तराईका गरीब सबै मिले जमिन्दारका राज समाप्त हुनेछ। ढिलो-चाँडो गरीब एकजुट हुनेछन् र भूमिसुधारलाई व्यवहारमा लागू गर्नेछन् भन्ने लागेको छ।

हाम्रो आन्दोलन शान्तिपूर्ण हुनेछ। हामी चक्काजाम गर्दैनौं। मान्छे मार्दैनौं। यसो नगर्दा हामीले अधिकार नपाए पनि नपाउँ। सरकार हिंसात्मक आन्दोलन गर्नेको मात्र कुरा सुनेर बसोस्। एक दिन हाम्रा रगत र पसिनाको थोपा थोपाको मूल्य अवश्य प्राप्त हुनेछ। हामी संविधानसभाको चुनावअगाडि १ महिने पूर्व-पश्चिम पैदल यात्रा गर्दैछौं। यस अवधिमा हामीले भूमि अधिकार विरोधीलाई जनतासमक्ष राम्ररी चिनाउने छौं। कुत तिर्न रोक्छौं। जोतिरहेको जग्गा छोड्दैनौं। रैकर जग्गा हुनेले ऐलानी जग्गा भोग गरेको भए त्यस्तो जग्गामा किला गाड्छौं। खेती गर्ने बाँझो जग्गामा आँखा लगाउँछौं।

हामी थोरै छैनौं। हामी देशभर १६ लाख परिवार छौं। अहिले ३१ जिल्लामा करिब १ लाख परिवार संगठित छौं। बिन्तीले हाम्रो हक पाइँदैन। त्यसैले शक्ति निर्माणका लागि संगठन अझै बलियो बनाउँछौं। कार्यकर्ता तयार गर्छौं। यो सरकारको ढाँचाकाँचा पनि भूमिसुधार गर्नेखालको छैन। हामी कम्तिमा ५, ६ लाख भूमि अधिकारबाट वञ्चित परिवार संगठित भएपछि मात्र भूमिसधार सम्भव छ। संगठन बलियो नभएसम्म नीति बनाएर पनि कार्यान्वयन हुँदैन। हामीलाई अब कमजोर नठानियोस्। धेरै सचेत भएका छौं। ढाँटको राजनीति अब चल्दैन। ■

*(जगत देउजासँगको कुराकानीमा आधारित)*

## कविता

## कसले देख्छ हाम्रो पीडा !

सम्पत्ति र जायजेथा लुट्यो, थुत्यो गरीबको
कसले देख्छ मित्रहरु दुःख व्यथा पीडितको।
धेरै सइयो डन्डा अनि बन्दूकको चोटहरु
दिए थुप्रै हामीलाई विद्रोहका दोषहरु ॥

नेपाली हौं हरे दैव हात्तीद्वारा लखेटियौं
झुपडी र छाप्रा जलाई तछाडियौं, मछाडियौं।
पिउने पानीको घुटको नपाई बालुवामा छट्पटियौं
आँधी हुरी बेरीसंगै लडिबुडी खेल्दै जुध्यौं ॥

बिच्छी र सर्पले टोक्दा कति बालबच्चा गुमे
रोगको उपचार नपाई वृद्ध युवाहरु बिते।
साउने झरीको रात कसोगरी बित्यो होला
पुस माघको कठ्याङ्ग्रिदो चिसोमा कस्तो दशा भयो होला।
यस्तो दशा कठै हाम्रो किन भयो होला
सौतनी आमाको व्यवहार हामीमाथि किन भयो होला ॥

बाली लगाई गोडीमेली काटी चुटी फलाई फुलाई
आफू त्यसै ठगिइकन दिनुपर्ने सामन्तीलाई।
कुर्सी अठ्याई भुँडी हल्लाई बस्ने जमिनका माली
जो वास्तविक किसान हुन् उनै आज खाली।
भूमिमा अधिकार छैन जसले हलो जोत्छ संधै
सयौं विघा ऊसँग छ जो जोरिडले कुर्ची नै खोज्छ संधै ॥

ऋणको भाग त सबैलाई लगाउनु बराबर
भूमिमाथि हाम्रो हिस्सा लागेन भो कसोगरी।
यस्तो पीडा सही बस्नु नेपाली भै जन्मिकन
जुर्मुराउँदै उठौं सबै सुकुम्बासी भूमिहीन ॥

**- शिवराम वड**

*स्वर्गद्वारी आश्रमको जमिन कमाउनेहरुको पीडा*

# पेटमा लागेको ताल्चा कसले खोल्ने ?

■ **प्रभु चौधरी**

*गुठीपीडित किसान संघर्ष समिति, दाङ*

स्वर्गद्वारी आश्रमको नाममा रहेको डेढ कट्ठा गुठी जग्गा ३ पुस्तादेखि जोतेर परिवार पालिरहेको छु। जग्गा कमाएवापत विगतमा १ मुरी धान ढिकीमा कुटी १० पाथी चामल र ३ पाथी तोरी कोलमा पेली १ धार्नी तेल निकाल्नुपर्दथ्यो। तेल १ धार्नी नपुगेमा वा चामल १० पाथी नपुगेमा आफैंले थपिदिनुपर्दथ्यो। ३ दिनसम्म काँधमा बोकेर प्युठानको स्वर्गद्वारी आश्रमस्थलमा पुऱ्याउनुपर्दथ्यो। हाल खेतको प्रतिविघा ६ क्विन्टल धान र तोरी २.५ क्विन्टल बुझाउनुपर्ने नियम छ। जग्गा कमाएवापत जिरायत (सित्तैमा जग्गा जोतिदिनुपर्ने) पनि गर्नुपर्दथ्यो।

कारिन्दाले कुत मागेको रसिद माग्दा चुरोटको खोल, घरको भित्ता र हत्केलामा लेखिदिन्थे। वैधानिक रसिद माग्दा आश्रमले भूमिसुधारका कर्मचारीसँग मिलेमतो गरी मोही निष्काशन गरिदिन्थे। यस्तो अन्याय सहन नसकी १२ मौजाका किसान मिलेर २०४४ सालदेखि गुठी जग्गा रैकरका लागि संघर्ष गर्न थाल्यौं। तर आश्रमको पहुँच माथिल्लो निकायसम्म भएकाले २००७ सालबाट राजगुठी जनिएको जग्गा शाही सरकारको पालामा २०६२ साल चैत १२ गते मोहियानी हकसमेत खारेज हुने गरी निजी गुठी हो भनी सर्वोच्च अदालतले फैसला गऱ्यो।

यस फैसलाले १०१२ विघा जोतभोग गर्दै आएका हामी १७८८ परिवारको पेटमा लात हान्ने काम भएको छ। न्याय दिने सर्वोच्च अदालतले समेत हाम्रो विपक्षमा फैसला गरेपछि बाध्य भएर सरकारलाई गुठी जग्गा रैकर बनाउने कानुन बनाउनका लागि शान्तिपूर्ण तवरले संघर्ष गर्न बाध्य छौं तर हाम्रो देशमा शान्तिपूर्ण तरिकाले अधिकार माग्दा नसुन्ने र मान्छे मारेपछि र बन्दूक पड्केपछि मात्र सुन्ने संस्कार बसेको छ। तर हामीलाई विश्वास छ, हिसांत्मक कार्य नगरीकनै आफ्नो अधिकार लिन हामी सफल हुनेछौं।

केही टाठाबाठा भनाउदाहरुले स्वर्गद्वारी आश्रमको गुठी जग्गा रैकर गर्न हुँदैन, गुठी जग्गा रैकर भयो भने आश्रमको पूजाआजा चल्दैन, धर्म मासिन्छ भन्दै प्राकृतिक सम्पदा

> *के धर्म चलाउने र प्राकृतिक सम्पदाको संरक्षण गर्ने जिम्मेवारी गरीब किसानको मात्र हो ? ठूलाठूला व्यापारी, बुद्धिजीवी र राज्यको दायित्व छैन ?*

संरक्षण गर्नुपर्ने तर्क गरिरहेका छन्। हामी हाड र छाला भएको सजीव प्राणीलाई बास छैन, खाने गास छैन तर ढुंगाले बनेको निर्जीव मूर्तिका नाममा हजारौं विघा जग्गा छ। ठूलाठूला पक्की घर छ। किसानमाथि अनेकन शोषण भइरहेको छ। कुन धर्मले भन्छ- गरीबलाई शोषण गरेर धर्म मान्नुपर्छ ? के धर्म चलाउने र प्राकृतिक सम्पदाको संरक्षण गर्ने जिम्मेवारी गरीब किसानको मात्र हो ? ठूलाठूला व्यापारी, बुद्धिजीवी र राज्यको दायित्व छैन ? हामीले मन्दिर भत्काउनुपर्छ, धर्म मास्नुपर्छ, मन्दिर हाम्रो नाममा गर्नुपर्छ भनेका छैनौं। ३ पुस्तादेखि जोतिआएको जग्गा रैकर गरिदिनुपर्दछ, जग्गाको मालिक बन्न पाउनुपर्दछ मात्र भनिरहेका छौं। जो हाम्रो अधिकार हो।

हामीले संघर्षकै क्रममा गत वर्ष भदौमा मालपोत कार्यालयमा १९ दिने धर्ना एवं तालाबन्दी गरेका थियौं। यसपछि सरकार पक्ष र पीडित किसानबीच ५ बुँदे सहमति भयो। त्यस्तै २०६३ साल मंसिर २२ गते केही विधायक, गुठी संस्थानका प्रशासक, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका प्रतिनिधि दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, मालपोत प्रमुख र हामीबीच गुठी जग्गा रैकर गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सहमति भयो। तर सहमतिको एक वर्ष पुग्न लाग्दा पनि पहल भएको छैन। ३, ३ पटक सत्तारुढ दलका शीर्ष नेताहरु र भूमिसुधार मन्त्रीलाई स्मरण गराउँदासमेत चासो दिएका छैनन्।

आफ्नो अधिकारप्रति सरकारको ध्यानाकर्षण गराउन झिगौंरास्थित स्वर्गद्वारी आश्रमको व्यवस्थापन समितिमा ताला लगाई निरन्तर आन्दोलनमा छौं। ताला लगाएको २, ३ दिनमै केही बुद्धिजीवी भनाउँदाहरुले विचरा साधु-सन्तलाई किन दुःख दिनुहुन्छ, ताला खोलिदिनोस् भने तर हामी हजारौं किसानको पेटमा लागेको ताला कसले खोलिदिन्छ भनेर ती 'सज्जन'हरुसँग सोध्यौं। साधु सन्तको भेषमा बसेकाहरु हामी किसानको खुन पसिना चुसी मोटाएका छन् र गरीबको मोहियानी हकसमेत खारेज गरी हामीलाई सुकुम्बासी बनाउने अभियानमा सक्रिय छन्। आफ्नै पौरख गरेर जहान बच्चा पाल्ने र आश्रम चलाउने हामी किसान कसरी अन्यायी भयौं र ती साधु-सन्त कसरी इमानदार भए, ती सज्जनसँग हामीले उत्तर मागिरहेका छौं। ■

*(जगत देउजासँगको कुराकानीमा आधारित)*

# जमिन्दारले ओगटेको कसैले देख्दैन

■ शान्ता चौधरी
*अध्यक्ष, जिल्ला भूमिअधिकार मञ्च दाङ*

म दाङ जिल्लाको लक्ष्मीपुर गाविसस्थित वसन्तपुर डाँडागाउँमा बस्छु । ९ वर्षको हुँदादेखि ३ जना मालिकका घरमा गरी ८ वर्ष कम्लहरी बसें । वर्षको १५ सय रुपैयाँ र एक जोर लुगा पाउँथे । छोरीलाई कम्लहरी पठाएपछि मात्र अरुको खेतबारी जोत्न पाइने हुँदा बुबाले मलाई कम्लहरी बसाल्नुहुन्थ्यो । जग्गा जमिन केही नभएको मेरो जस्तो परिवारका लागि यो बाध्यता पनि थियो । जमिन्दारको घरमा बिहानै उठेर भाँडा माझ्ने, लुगा धुने, गोवर फाल्ने, घाँस काट्ने काम गर्थें ।

मेरो बुबाले भैंसी किन्न तीन हजार रुपैयाँ साना किसान बैंकबाट ऋण लिनुभएको रहेछ । जमिन्दार रोर्मस अधिकारीले तैले जान्दैनस् म तिरिदिन्छु भनेर पैसा सबै खाइदिएछन् । बैंकमा १९ हजार ऋण पुगेछ । पछि ज्याला गरेर तिरियो । १६ वर्षमा मेरो विवाह भयो । विवाहपछि अझै कठिन अवस्था आइपर्‍यो । ४ जनाको परिवार छ । आफ्नो जग्गा छैन । जंगलछेउको ५ धुर जग्गामा झुपडी छ । वनछेउ घर भएकाले वनमा डडेलो लगाउँदा घर भेट्ला भनेर पानीको गाग्रो लिएर धुरीमा बस्नुपर्दछ । त्यही पनि एक पटक प्रहरी र जमिन्दारले आगो लगाइदिएपछि ३ वर्ष जति सासूको माइतमा बस्यौं ।

६ वर्षअगाडिको कुरा हो, मेरो श्रीमान् र गाउँकै जमिन्दारबीच सामान्य विवाद परेछ । त्यही निहुँमा जमिन्दारले जेल हाले श्रीमान्लाई । त्यतिबेला म ९ दिनको सुत्केरी थिएँ । घरमा केही अन्न थिएन । कयैन् रात पानी खाएर बिताएको छु । बाखा कुखुरा केही छैन । खेती भन्ने मकैको बुटोसमेत छैन । बालबच्चाले पोलेको मकै खान खोज्छन्, कसरी दिने ? परिवार कसरी पाल्ने ?

हाम्रो जिल्लामा प्रशासन कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, नापी शाखा त छन् तर पनि तिनीहरुले कहिल्यै भूमिपीडितहरुको पक्षमा काम गरेका छैनन् । हामी अब एकजुट भई शोषण, दमन र अत्याचारका विरुद्ध लाग्नुपर्दछ । शोषण, दमन र अत्याचार गर्ने जो-कोहीलाई पनि डढाउन सक्ने शक्ति निर्माण गर्नुछ । यसो भएमा मात्र हामीले जग्गाको अधिकार पाउँछौं ।

> *आफ्नो जग्गा छैन । जंगलछेउको ५ धुर जग्गामा झुपडी छ । वनछेउ घर भएकाले वनमा डडेलो लगाउँदा घर भेट्ला भनेर पानीको गाग्रो लिएर धुरीमा बस्नुपर्दछ ।*
>
> *हामी अब एकजुट भई शोषण, दमन र अत्याचारका विरुद्ध लाग्नुपर्दछ । शोषण, दमन र अत्याचार गर्ने जो-कोहीलाई पनि डढाउन सक्ने शक्ति निर्माण गर्नुछ । यसो भएमा मात्र हामीले जग्गाको अधिकार पाउँछौं ।*

सरकार भूमिहीनलाई बाँड्ने जग्गा छैन भनेर बसिरहेको छ । तर खेतियोग्य ९ नं पर्ति जग्गा, विभिन्न बहानामा राखिएका प्रयोगबिहीन जग्गा, जमिन्दारले ओगटेको ऐलानी जग्गा किन प्रयोगमा ल्याउन सक्दैन ? राज्य भूमिहीनले ५ धुर जग्गामा बसेको मात्र देख्छ, जमिन्दारले ओगटेको ५ विगाहा कहिल्यै देख्दैन । तीनपुस्ते बुझेर भूमिहीन पहिचान गरेर राज्यलाई जग्गाको सही व्यवस्थापन गर्न केले छेकेको छ ? हामीकहाँ जग्गाको वितरण र उपयोगको पक्षलाई सँगसँगै लिएर जानुपर्दछ । भूमि व्यवस्थापनको कुरा गरिबी निवारणसँग सिधै जोडिएको कुरा हो । फेरि भूमिहीन किसानको जग्गा र राज्यको स्रोतमा पहुँच हुनुपर्‍यो भनिराख्दा महिला भूमिहीन वा महिला किसानलाई बिर्सनुहुँदैन । जहिले पनि भूमि अधिकारको आन्दोलनमा महिला कहाँ छन् र उनीहरुले के पाइरहेका छन् भनेर हेर्नुपर्दछ ।

बास र जीविकाको अन्य विकल्प नभई खेतीमै श्रम गरिरहेकालाई भूमि उपलब्ध गराउनु हाम्रो लडाईको उद्देश्य हो । गरीबको लडाई गरीबले नै लड्ने हो । हामीले बसिखान मागेका छैनौं । बास, खेती र कामको व्यवस्था होस् भनिरहेका छौं । बसिबसी खान मागेको छैन् । तर राज्यसँग गरीबका कुरा सुन्ने कान र देख्ने आँखा छैनन् । भूमिको समस्या लिएर धेरै नेता भेटियो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेट्दा भन्नुभयो- ल तपाईंहरुको समस्या बुझें, जायज रहेछ, मैले बोलें, काम शुरु भयो । ४, ५ जना काठमाडौंमा नै बस्नुस् । तर प्रधानमन्त्री जस्तो मान्छेले त्यो भनेको पनि निकै महिना भइसक्यो तर कार्यान्वयनको सुइँकोसमेत पाउन सकिएको छैन । अझै कति कुर्ने हो ? हामी आफैंलाई थाहा छैन ।■

*(जगत देउजासँगको कुराकानीमा आधारित)*



# जनअधिकारका लागि

# जनयात्रा

■ केशब दाहाल र जगत देउजा

दक्षिण एसिया विश्वका ४० प्रतिशत गरीबहरूको बासस्थान हो । दक्षिण एसियाली नागरिकहरू उस्तैखाले सामाजिक, आर्थिक, राजनीतिक अवस्थाबीच बाँचिरहेका छन् । चरम गरिबी, शोषण र विभेदका कारण याहाँका जनताको जीवन कष्टकर, पीडामय र सीमान्तकृत बनेको छ । सामाजिक सुरक्षाको प्रत्याभूति असाध्यै कमजोर छ । श्रोत, शक्ति र अधिकारको असमान वितरणका कारण लाखौ नागरिकले गाँस, बास र कपासको अभाव व्यहोरिरहेका छन् । समाजमा अझै सामन्ती दबदबा छ । राजनीतिलगायत्का कुनै पनि क्षेत्रमा आम गरीबको सहभागिता छैन । राज्य आशातीतरुपमा गरीब, पछाडि पारिएका र सीमान्तकृत जनताको संमृद्धि र सपनामा गम्भीर देखिँदैन । सामाजिक विभेदका कारण महिला, दलित, जनजाति र दूरदराजका जनता पछाडि धकेलिएका छन् ।

दक्षिण एसियाको परिवर्तनका लागि जनस्तरबाट धेरै आन्दोलन भएका छन् । केही आन्दोलन संयुक्तरुपमा भएका छन् भने केही आ-आफ्नो देश र समाजभित्र पनि उठिरहेका छन् । मानव संमृद्धि, विभेदको अन्त्य र सामाजिक न्यायका लागि भएका यस्ता आन्दोलनले दक्षिण एसियाको परिवर्तनका लागि महत्वपूर्ण बल दिइरहेका छन् । यस्ता आन्दोलनलाई अझै बलियो, साझा र संगठित गर्न आवश्यक छ ।

समान सवाल, मिल्दोजुल्दो संस्कृति, उस्तै सामाजिक, आर्थिक र राजनीतिक अवस्थाका कारण दक्षिण एसियाका जनताको आन्दोलन साझा आन्दोलनको रुपमा विकास गर्न आवश्यक छ । दक्षिण एसियाका जनताको आपसी सम्बन्ध सुमधुर बनाउन आवश्यक छ । जनताका साझा मुद्दाहरुको पहिचान गर्न र क्षेत्रीयस्तरमा लोकतन्त्र, मानव अधिकार र न्यायको सुदृढीकरणका लागि संयुक्त आवाज उठाउन भइरहेको प्रयासलाई सघन बनाउन जरुरी छ । दक्षिण एसियाको स्रोत र साधनको राम्रो उपयोग गर्ने हो भने विश्वमै यो क्षेत्र निकै अघि बढ्न र धनी बन्न सक्ने सम्भावना छ । तर यहाँका सरकारको अकर्मण्यता, बढ्दो द्वन्द्व र सैनिकीकरण तथा विनाशकारी हातहतियारको बढ्दो होडबाजीले उज्यालो भविष्यको नक्शा कोर्ने काम भने छायाँमा परिरहेको छ ।

यस्तो परिवेशमा दक्षिण एसियाको शान्ति र जनताको सामाजिक सुरक्षाको आन्दोलनलाई साझा आन्दोलनका रुपमा विकसित गर्न सके जनताको नयाँ दक्षिण एसियाको चाहना यथार्थमा परिणत गर्न सकिन्छ । यसका लागि

नागरिक तहमा बलियो समझदारी, एकता र समन्वय आवश्यक छ। नागरिक तहमा रचनात्मक बहस आवश्यक छ। साझा सपना बनाउन र त्यसलाई पूरा गर्न साझा पहलकदमी आवश्यक छ। यसैका लागि केही समययता नयाँ दक्षिण एसिया आन्दोलनको थालनी गरिएको छ। यसै क्रममा विगतमा आयोजना गरिएको जनसार्क जनस्तरमा सुरु भएको नयाँ दक्षिण एसिया आन्दोलनको महत्वपूर्ण परिघटना हो। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई जनमुखी तथा प्रभावकारी बनाउन र सार्क क्षेत्रका जनताको पक्षमा कार्यक्रम ल्याउन आवाज उठाउन जनसार्क महत्वपूर्ण थियो। जनसार्क जनताको आवाज संगठित गर्ने थलोका रुपमा सुरु भएको छ। यसले जनताबीचको साइनो गहिरो बनाएको छ।

यतिले मात्र नयाँ दक्षिण एसियाको सपना पूरा हुँदैन। यसका लागि आन्दोलन र अभियानहरू निरन्तर भइरहनुपर्दछ। जनताको सचेत आन्दोलनले मात्र नयाँ दक्षिण एसिया सम्भव छ। यसैले जनपरिचालन सदैव आवश्यक छ। दक्षिण एसियाको संमृद्धि जनताको आन्दोलनले मात्र सम्भव छ तसर्थ आन्दोलनको आँधिबेहरी उठिरहन आवश्यक छ।

*जनताको सचेत आन्दोलनले मात्र नयाँ दक्षिण एसिया सम्भव छ। यसैले जनपरिचालन सदैव आवश्यक छ। दक्षिण एसियाको संमृद्धि जनताको आन्दोलनले मात्र सम्भव छ तसर्थ आन्दोलनको आँधिबेहरी उठिरहन आवश्यक छ।*

आन्दोलनको यही सन्दर्भमा दक्षिण एसियाका जनताको अधिकार, समृद्धि, लोकतन्त्र र न्यायको आवाजका साथ नेपाल, भारत र पाकिस्तानलगायत्का देशमा विभिन्न कार्यक्रम भइरहेका छन्। फरक देशका फरक विषय र सवालमा फरक मिति र सन्दर्भ पारेर आयोजना गरिने यस्ता कार्यक्रमले जनताको जागरण, शक्ति र आवाजलाई उजागर गर्नेछ। यी कार्यक्रमले जनताको अधिकार खोज्ने यात्रालाई अगाडि बढाएका छन्। जनतालाई शक्तिशाली बनाउन सहयोग पुर्‍याइरहेका छन्।

नेपालमा भएको ऐतिहासिक जनआन्दोलन २०६२/०६३ ले नयाँ नेपाल निर्माण गर्ने नेपाली जनताको सपनालाई सतहमा ल्याएको छ। हामी यस्तो नेपाल निर्माण चाहन्छौं, जहाँ गरिबी, अभाव, अन्याय, असमानता र भेदभाव रहने छैन, मेहेनतिहरु भोको बस्नुपर्ने छैन। सामाजिक, आर्थिक र राजनीतिकरुपमा विद्यमान समस्या हल हुनेछ। लोकतन्त्रसहितको संघीय, समुन्नत नेपालको निर्माण एवं संविधानसभामार्फत् राज्यको पुनर्संरचना गर्ने बहस जारी रहेको सन्दर्भमा नयाँ नेपालमा स्रोतसाधन, शक्ति र अधिकारको बाँडफाँड किन र कसरी गर्नुपर्दछ भन्ने विषयमा चाहेजति बहस हुन सकेको छैन।

नेपालमा वास्तविकरुपमा जमिनमा श्रम गर्नेहरू भूमि अधिकारबाट वञ्चित छन्। खेतमा सबैभन्दा धेरै श्रम गर्ने दलित, आदिवासी/जनजाति तथा भूमिहीनसँग जमिन, आवास र खानेकुरा अभाव छ। जमिनको अधिकारबाट वञ्चितहरु वन र पानीको अधिकारबाट पनि वञ्चित छन्। आफैं खेती नगर्ने ५ प्रतिशत धनीको हातमा ३७ प्रतिशत जग्गा छ। २४ प्रतिशत गरीब किसान अरुको जमिन जोतिरहेका छन्। सामुदायिक वनको रुपमा स्थानीय समुदायलाई प्राप्त अधिकार पछिल्ला वर्षमा क्रमिकरुपमा खोसिँदैछ। तराईको उत्पादनशील वनमा सरकारको वक्रेदृष्टि

**यस्तो थियो जनयात्राको कार्यक्रम तालिका**

| मिति | रामेछाप | इलाम | बैतडी |
|---|---|---|---|
| भदौ २१ | बेलुका पुगिसक्ने | बेलुका पुगिसक्ने | बेलुका पुगिसक्ने |
| भदौ २२ | अभिमुखीकरण, तयारी | अभिमुखीकरण, तयारी | अभिमुखीकरण, तयारी |
| भदौ २३ | मन्थली उद्घाटन | इलाम बजार, उद्घाटन | साहीलेक, बैतडी उद्घाटन |
| | दोलखा | बिर्तामोड | पाटन |
| भदौ २४ | टुकी संघ, सिन्धुपाल्चोक | उर्लाबारी | डडेल्धुरा, तुफानडाँडा |
| भदौ २५ | पाँचखाल | इटहरी | जोगबूढा (भित्री बाटो) |
| भदौ २६ | सिपाडोल, भक्तपुर | राजविराज | महेन्द्रनगर |
| भदौ २७ | काठमाडौं | मधुपटिट | धनगढी |
| भदौ २८ | धादिङबेंसी | बन्दीपुर | टीकापुर |
| भदौ २९ | आँबुखैरेनी | खयरमारा, महोत्तरी | कोठियाघाट भित्री बाटो (राजापुर) |
| भदौ ३० | बाग्लुङ | हरिवन | नेपालगञ्ज |
| भदौ ३१ | पोखरा | निजगढ | तुलसीपुर |
| असोज १ | स्याङ्जा | हेटौंडा | लमही, लालमटिया |
| असोज २ | पाल्पा | भरतपुर | तौलिहवा |
| असोज ३ | बुटबल | बर्दघाट | बुटवल |
| असोज ४ | समापन | समापन | समापन |

परेको छ। तराईका जनता सामुदायिक वनको पक्षमा छन् भने सरकार साझेदारी वनको वकालत गरिरहेको छ। सामुदायिक वनमा सरकारले अनावश्यक कर लगाइरहेको छ। संरक्षण क्षेत्रबाट बाँच्नका लागि आवश्यक पर्ने न्युनतम वन पैदावार ल्याउन जनतालाई रोक लगाइएको छ। संरक्षण क्षेत्र विस्तार गर्ने काम अझै रोकिएको छैन। जडिबूटीबाट फाइदा लिनका लागि जनता प्रतिकूल र ठेकेदार अनुकूल कानून बनेका छन्। पानीमा पनि जनताको अधिकार स्थापित हुन सकेको छैन। विद्युत्, खानेपानीलगायत्का क्षेत्रमा तीव्र निजीकरण भइरहेको छ। विपन्न वर्गको पहुँचबाट प्राकृतिक श्रोत टाढिँदै गइरहेको छ। हामीलाई यस्ता जनविरोधी नीति सह्य छैनन्।

*जनयात्रामा भूमि अधिकारबाट वञ्चित, पानीको अधिकार नपाएकाहरू, जंगलमा स्वमित्व स्थापित गर्न नसकेकाहरू र सामन्ती शोषणको सिकार भएका महिला, पुरुष, वृद्ध नागरिक, अधिकारको आन्दोलनका अगुवा सहभागी थिए।*

यस क्रममा नेपालमा नयाँ नेपालका लागि जनयात्रा आयोजना गरियो। १३ दिनसम्म चलेको यो जनयात्रा ०६४ भाद्र २३ गते आइतबारबाट शुरु भएको थियो। पूर्वमा इलामको इलाम, मध्यमा रामेछापको मन्थली र सुदूरपश्चिममा बैतडीको साहीलेकबाट एकै समय र दिन सुरु भएको यो कार्यक्रममा हजारौंको सहभागिता रह्यो। ०६४ आश्विन ४ गते अन्तर्राष्ट्रिय शान्ति दिवसका दिन बुटवलमा आयोजित जनयात्रा समापन कार्यक्रममा उपस्थित हजारौंको सहभागिताले कार्यक्रमप्रति सर्वसाधारणको अगाध स्नेह र समर्थन रहेको पुष्टि गर्‍यो। गाउँगाउँ र बस्तीबस्तीमा पुगेको जनयात्राले स्थानीय गरीब र न्याय नपाएकाहरूको मन जितेको थियो।




उनीहरुकै व्यवस्थापनमा उनीहरूसँगै बस्ने र सुखदुःख साटासाट र अन्तरक्रिया गर्ने कार्यबाट आफ्ना आवाज सुनाउने ठाउँ नपाएकालाई सुनाउने ठाउँ प्राप्त भएको महसुस भएको थियो। अन्याय र थिचोमिचोमा परेका जनताको आवाजलाई संविधानसभाका सम्बन्धित मञ्चमा उठाइने प्रतिबद्धताका साथ शुरु भएको यो जनयात्राले दक्षिण एशिया र नेपालका विभिन्न सामाजिक आन्दोलनका अनुभव आदान प्रदान गर्दै सिंगो दक्षिण एशियाली जनएकता प्रदर्शन गर्ने आँट गरेको छ।

नेपालको राजनीतिक इतिहासमा पहिलोपटक हुन लागेको संविधानसभामार्फत् राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने महान् लक्ष्यका साथै पछाडि पारिएका सम्पूर्ण समुदायको न्यायिक माग सम्बोधन हुनेगरी संघीय समावेशी राज्य निर्माण गर्ने बहसलाई जनयात्राले घनिभूत बनाएको महसुस सबैलाई भएको छ।

प्राकृतिक श्रोतमाथिको जनताको अधिकार आन्दोलनमा ऐक्यबद्धता जनाउने र नेपालमा रहेको प्रकृतिक श्रोतमाथिको अन्यायपूर्ण वितरणलाई समाप्त गर्दै यसको जनमुखी स्वामित्व निर्धारण गर्न आवाज उठाएको थियो। यसले संविधानसभा निर्वाचनमा गरीब जनताका तर्फबाट माग प्रस्तुत गर्दै निश्पक्ष, स्वतन्त्र र जनसहभागिताका साथ निर्वाचन सम्पन्न गर्न आवाज घन्काएको थियो। यो जनयात्रामा भूमि अधिकारबाट वञ्चित, पानीको अधिकार नपाएकाहरू, जंगलमा स्वमित्व स्थापित गर्न नसकेकाहरू र सामन्ती शोषणको सिकार भएका महिला, पुरुष, वृद्ध नागरिक, अधिकारको आन्दोलनका अगुवा सहभागी थिए। यो अभियान सदियौं वर्षदेखि सामन्तवादी संस्कारको जन्जालमा फसेका मधेसी, दलित, आदिवासी पछाडी पारिएका क्षेत्र र वर्ग सबैको आन्दोलन भएको महसुस जनयात्रामा पूर्ण वा आंशिकरुपमा सहभागीहरुको थियो।

जनमार्च जनताको आन्दोलन रह्यो किनकि यसमा धेरै नागरिक संस्थाको सहभागिता थियो। विभिन्न तह र तप्काका जनताको सहभागिता भएकाले यो साझा जनअभियान पनि बन्यो। तथापि यसको व्यवस्थापन, सहजीकरण र सहयोग मूलरुपमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल राष्ट्रिय भूमि अधिकार सरोकार समूह, नेपाल सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल राष्ट्रिय दलित नेटवर्क र नयाँ नेपाल : नयाँ दक्षिण एसिया अभियान (इन्सा) ले संयुक्तरुपमा गरे। नयाँ नेपाल निर्माणको एक साझा यात्राका रुपमा यो नेपालकै इतिहासमा महत्वपूर्ण घटना सावित हुन सकेको छ। ■

# अनुभुती जनयात्राको

■ शुभराज चौधरी

जनयात्रामा २०६४ भाद्र २३ गतेवाट असोजको ४ गतेसम्म पुरै सहभागी भएँ। संविधानसभा निस्पक्ष र भयरहित रुपमा सम्पन्न गर्न, जल, जंगल र जमिनमा जनअधिकार स्थापना गर्न, लोकतान्त्रिक गणतन्त्रको माध्यमवाट नयाँ नेपाल निर्माण गर्न जनमत निर्माण गर्ने उद्देश्य थियो यात्राको। भाद्र २२ गते रामेछापको सदरमुकाम मन्थलीमा पुगियो। उक्त दिन ४ बजेबाट रामेछापको जनयात्रा व्यवस्थापन समितिले जनयात्रावारे अन्तरक्रिया राखेको रेहछ। जसमा सांसद, पत्रकार, बुद्धिजीवि, नागरिक समाजका प्रतिष्ठित व्यक्तिहरु सहभागी थिए। प्राकृतिक स्रोत जल, जंगल र जमिनवाट पाखा पारिएका विपन्न वर्गहरुको सहभागीता भने कम थियो।

जसको अधिकार स्थापित गर्नको लागि यात्रा गरिन लागेको थियो ति विपन्न वर्गकै सहभागीता नदेख्दा कार्यक्रम प्रति मेरो चासो घटेर गयो। माननिय सांसद कोमल सुनारले रामेछापको समस्याको बेलीविस्तार लगाउनुभयो। भाद्र २३ गते देखि २५ गतेसम्म जनयात्रा सदरमुकाममा नै केन्द्रित रहयो र २६ गते ठुलो पाखरमा (ग्रामिण क्षेत्रमा) कोणसभा गरियो। उक्त ठाउँमा कोणसभा गर्दा त्यहाँका केही जनताहरुले बसमा चढेर पनि जनयात्रा गरिन्छ भनि एक आपसमा कानेखुसी गरेका थिए। जुन कुरा वास्तविक थियो र हामीले जंगल र बस्ती नभएको ठाउँमा मात्र बस चढयौं र बस्ती भएको ठाउँमा पैदल यात्रा गर्छौं भन्यौं।

२६ गते बेलुकी बनेपामा जनयात्राको समिक्षा गर्ने क्रममा गै.स.स. महासंघमा भएको बैठकमा जनयात्रालाई समुदाय केन्द्रित गर्ने र होटलमा नबसी समुदायका मान्छेले जे दिन्छन् त्यही खाने र जहाँ सुत्न दिन्छन् त्यहीं सुत्ने भन्ने कुरा उठेको थियो भनि स्मरण गराए र मेरो कुरामा कप्सनका सदस्य राम बहादुर गिरीले साथ दिनुभयो र कप्सनमा पनि मलाई जनयात्रामा पठाउँदा गिट्टी कुट्ने वस्ती र स्रोत साधनवाट वञ्चित वस्तीमा छलफल गर्नुहोला भनि पठाउनु भएको छ भन्नुभयो तर हाम्रो उक्त कुरालाई वेवास्ता गरिदै केही अग्रजहरुले हैन जिल्लाको व्यवस्थापन समितिले जहाँ व्यवस्था गर्नुहुन्छ त्यही गर्नुपर्छ यसमा हामीले हस्तक्षेप गर्न हुँदैन भनेर अडान लिनुभयो। त्यसमा राम वहादुर गिरी र मेरो केही जोर चलेन।

त्यसैगरी २८ गते काठमाडौंको आलापोट गा.वि.स.मा पुग्यौं त्यहाँका ग्रामिण क्षेत्रका बासिन्दाले भव्य स्वागत गरे र नारा जुलुस सहित १ घन्टाको पैदल यात्रा गर्‍यौं। त्यस ठाउँमा केही घरमा खरका छाना छाएको देख्दा आफ्नै गाउँ गएको जस्तो महसुश भयो। रात्रीको व्यवस्था ७/७ जनाको दरले ४ समूहमा विभाजित गरी छुट्टा छुट्टै घरमा खाना तथा सुत्ने व्यवस्था गरेका थिए।

पानी परिरहेको थियो। त्यस्तो व्यवस्था प्रति केही साथीहरुले आलोचना गर्नुभयो र केही साथीहरुले सहर्ष स्विकार गर्नु भयो तर म त्यस्तो व्यवस्था गरेको देख्दा पूर्ण रुपमा सन्तुष्ट थिएँ र मैले चाहेको पनि त्यस्तै ग्रामिण क्षेत्रमा कार्यक्रम होस र त्यस्तै खाना र सुत्नको व्यवस्था होस भन्ने थियो। किनभने आफु पनि गाउँको मान्छे भएको भएर होला शहरको रमझम प्रति खासै चासो लाग्दैन। त्यसमा पनि भूमि अधिकार अभियानकर्ता पनि भएकोले होला। हाम्रो भूमि अधिकार आन्दोलनको पनि मुख्य ध्ययेभनेको शहरमुखी कार्यक्रम नगरी ग्रामिण समुदाय केन्द्रित कार्यक्रम गर्नुपर्छ भन्ने रहेको छ।

हाम्रो जनयात्रा कार्यक्रम शहरमुखी नै थियो सदरमुकाममा र्‍याली गरी कोणसभा गरिन्थ्यो र भूमि पिडितहरुलाई आफ्नो सवालवारे मंचवाट भन्न लगाईन्थ्यो तर ति भूमि पिडितहरु डराई डराई आफुले भोगेको पिडा सबै पोख्न सक्दैनथे। एक त प्राय भूमि पिडितहरु ठुलावडाको सामु वोल्नै डराउँछन् त्यसमा पनि सयौं हजारौं मान्छेहरुको अगाडि मंचमा पिडा पोख्न लगाउँदा पिडितहरुले अप्ठयारो महसुश गरेको जस्तो मलाई लाग्थ्यो। जो वास्तविक स्रोत र साधनवाट वञ्चित छ, तिनीहरुलाई मंचमा थोरै समय दिई समयको पावन्दी लगाईन्थ्यो तर ठुलावडाहरुलाई समयको पावन्दी नै हुँदैनथ्यो।

"जनयात्रा" कै क्रममा पनि केही टाठावाठा भनाउँदाहरुले नेतृत्व कमजोर भयो भनि आलोचना गर्दथे तर म र केही साथीहरुले त्यसको खन्डन गर्दै सबैमा सबै गुण हुँदैन प्रत्येक मान्छेमा केही न केही कमजोर पक्ष हुन्छन् ठिक छ उहाँको केही कमजोरी होला तर हामी सबै मिलेर उहाँलाई सहयोग गर्नुपर्छ भनेपछि नाजवाफ हुन्थे त्यस्ता क्रियाकलापहरु देख्दा हामीले त्यस्तो महान् कार्य "जनयात्रा" मा हिंडेको हामी जनयात्री र सामन्तीको विरोध गर्दै अभियानमा हिंडेको मान्छे हामीमा नै अझै सामन्ती प्रवृत्ति हटेको छैन कि जस्तो मलाई महसुश हुन्थ्यो। मैले आफै "जनयात्रा" मा प्रतिवेदन लेखन समितिमा बसेको थिएँ र विभिन्न वक्ताहरुको अभिव्यक्ति टिपोट गर्नमा व्यस्त रहन्थे चाहेर पनि पिडितहरुसंग छलफल गर्न सक्दैनथें र आफैमा कताकता खल्लो महसुश गर्दथे। धेरै जिल्ला र धेरै ठाउँको अनुभव वटुल्ने मौका पाएँ र धेरै साथीहरुसंग चिनजान भयो।

१४ दिनसम्म साथीहरु संगै वस्दा, खाँदा, सुत्दा धेरै रमाइलो भयो र अनुभव साँटासाँट गर्ने मौका पनि मिल्यो। असोज ५ गते वुटवलमा "जनयात्रा" समापन गरी ५ गते काठमाडौं फर्कदा वीचवीचमा साथीहरुसंग छुट्टिनु पर्दा नरमाइलो लाग्यो। ■

# असारको घामपानी, ओतमा आगो

२०६४ साल असार १४ गते सिरहा जिल्ला तरेगना गाविस वडा नं ५ गोविन्दपुर बलौटेका गाउँले सक्ने जति सबै नै बनिबुतो गर्न गएका थिए। केही असार १५ मनाउन चाहिने सामाग्री जोहो गर्न निस्केका। अपराह्न ४ बजेतिर रेन्जर रामनारायण यादवको नेतृत्वमा करिब १५ जनाको जत्था आयो र वन अतिक्रमण गरेको आरोपमा १३ घरमा आगो लगायो। 'घरमा भएका भाँडाकुँडा केही निकाल्न पाएनन्। 'हामीसँग भएका हँसिया, नाम्लो, डोको सबै जल्यो, के गरेर खाने ? वर्षात्को बेला छ कहाँ बस्ने ?', कुमारी विकले भनिन्- घरमा आगो लगाउने समयमा नाँगै खेल्न निस्केका बच्चा १ हप्ता बितिसक्दा पनि नाँगै छन्। घर नजलाउ भनेर छेक्दा केही दिदी-बहिनीलाई लछारपछारसमेत गरे।

घटनाको एक हप्तापछि हामी पुग्दा पीडितहरुको घरमा खाने अन्न केही थिएन। वरिपरि मकैको घारी थियो। केही वनसाग टिप्दै थिए। रेडक्रसले पाल दिएकाले धन्न ओत लाग्न भने पाएका थिए। केही सामाजिक संघ-संस्था, भूमि अधिकार मञ्च र सञ्चारकर्मीले पीडितलाई बारम्बार भेटेर आवाज बाहिर ल्याइदिन सहयोग गरेका छन्। यसलाई गाउँलेले हुनसम्मको गुन मानेका रहेछन्। घटनाका दोषीलाई कारबाही गर्न पीडितले पेश गर्न खोजेको निवेदनसमेत प्रशासनले बुझेको छैन। वन कार्यालयमा पीडितले तालाबन्दी गरेका छन् तर वन अधिकृत योगेन्द्र यादवलाई प्रहरीले सुरक्षा दिइरहेको छ। अन्याय यति गरिएको छ कि ७ दिनको सुत्केरी रहेको घरमा समेत एकै पटक दुई ठाउँबाट आगो झोसियो। 'मैले मेरो अवस्था बताएँ, तर उल्टै उनीहरुले मुख छाडे, पछि छिमेकी दिदीले मलाई मकै बारीमा निकालिन्। हेर्दाहेर्दै २ बाखा जल्यो। लौरोले मकै फाँडे, भएको सारदम सबै जल्यो, मैले के खाने ? बच्चालाई रापले पोलेको छ तर उपचार गर्न सकिएको छैन'- सुत्केरी धनकुमारी वि.क.ले भनिन्।

बलौटे गाउँमा अहिले अभाव त छ नै, त्यसबाहेक निराशा र सरकारप्रति आक्रोश पनि। उनीहरु बसेको जग्गा नदी उकास रहेछ। दायाँतर्फ झिझरी र बायाँतर्फ बेताहा खोला छ। त्यो बीचको भागमा बसोबास र खेती छ। बस्ती चुरेको टुप्पोसम्म नै जोडिएको छ। उनीहरु त्यस ठाउँमा २०४६ सालदेखि बसोबास गर्दै आएका हुन। राजाजी सामुदायिक वन उपभोक्ता समूहका सदस्यसमेत छन्। बसोबास भएको १७ वर्षपछि विना सूचना, बेकारण वर्षायाममा किन यसरी गरीबका बस्ती जलाइयो ? यस्तो अधिकार जनताका सेवकको बिल्ला भिरेका वन अधिकृत र रेन्जरलाई कसले दियो ?

त्यहाँ बस्ने सबैका अन्यत्र जग्गा छैन। विभिन्न विवशताले खोलाको बीचमा घर गरेर बसेका छन्। बस्न नपर्ने मान्छे बसेका भए पनि छानविन गर्न सकिन्थ्यो। उनीहरु कस्ता मान्छे हुन् भन्ने कुरा ५७ वर्षका बलाम तामाङको भनाईबाट थाहा पाउन सकिन्छ- 'म ११ वर्षसम्म टंकनाथ ढुंगानाको घरमा हरुवा बसें। पहिले सडक नहुँदा सामानदेखि बिरामी बोक्ने साइकल, ट्याक्टर, बस सबै नै हामी थियौं। बल हुँदा सबै काम गराए। बल सिद्धिएपछि म काम लागिन। त्यसपछि १५ वर्षदेखि म यही ठाउँमा बसेको छु। मेरो बाजे, बाबु कसैको नाममा जग्गा छैन, कसैले देखाए म एक मिनेट पनि यहाँ बस्दिन, हैन भने हामी कहाँ जाने ? दुलोमा पस्न सर्प हैनौं। रुखमा बस्न चरा हैनौं। जनआन्दोलनमा हामी सबै गाउँले लहानको जुलुसमा पालैपालो गएका थियौं। आज घर बल्दा र मन जल्दा हेर्ने कोही भएनन् ?'

छिमेकी गाउँलेलाई चरिचरन चाहिएकाले त्यहींका सुन्दर चौधरी, लुकबहादुर जर्घामगर, बेचुवा ठाडा मगर आदिसमेतको मिलेमतोमा घटना भएको पीडितको दाबी छ। सोही बस्तीको माथि सुनखानीमा केही महिना पहिले लाखौंको सिसौ र सखुवा काट्नेलाई केही नगर्ने वन प्रशासन गरीबमाथि मात्र ओहिरिनु अनौठो लाग्दो छ।

हरेक नेपालीले सुरक्षित बसोबास पाउनु उसको मौलिक अधिकार हो। समस्या भए सम्वादबाट समाधान गर्न सकिन्छ। नेपालमा लोकतन्त्र बहाली भइसकेपछि पनि सुकुम्बासी बस्तीमा आगो लगाइदिने कार्य बारम्बार भइरहेको छ। के पछिल्लो जनआन्दोलनमा लाखौं गरीब जनताले यस्तै अन्याय भोग्नका लागि भोक प्यास सहेर स-साना नानी काखी च्यापेर आन्दोलनमा उत्रिएका हुन् ? के यो देशमा गरीबलाई बस्न ठाउँ छैन ? पूर्व सूचनाविना नै सनकको भरमा अरुको घरमा आगो झोस्दै हिँड्न पाइन्छ ? घटनाको छानवीन गरी दोषीलाई कडा कारबाही र पीडितलाई उचित क्षतिपूर्तिसहित पुनर्स्थापनाका लागि सरकार र आठ राजनीतिक दलले तुरुन्त कदम नचाल्ने हो भने बलौटे गाउँबासीले जनआन्दोलनको सहभागितालाई भएको आफ्नो घरमा आगो लगाइपाउँ भनी हालेको बिन्तीका रुपमा बुझ्नेछन्। ३ महिनापहिले सिरहा जिल्लाकै आवेनगरमा जमिन्दारबाट यसैगरी बस्ती जलाइएको थियो।

यस घटनाबारे हप्ता बितिसक्दा पनि कुनै राजनीतिक दलले आफ्नो धारणा सार्वजनिक गरेका छैनन्। प्रमुख जिल्ला अधिकारीले निवेदन बुझेनन्, उल्टै अन्यत्र २, ३ सय घर जलाउँदा त केही भएको छैन, यहाँ त १३ घर त हो नि भनी टिप्पणी गरेका पीडितहरु बताउँछन्। अहिले यो घटनाका पीडित निवेदन दर्ता नगर्नुको कारण खोज्दैछन् एकातिर भने अर्कोतिर आगो लगाउने कार्यको नेतृत्व गर्ने रेन्जरकै घरमा आगो लगाएको भए के हुन्थ्यो होला भनेर प्रश्न गर्न लागेका छन्।

घटनालाई लिएर पीडितहरु संघर्षमा उत्रिसकेका छन्। यस घटनालाई राजनीतिक दल र सरकारले गम्भीररुपमा लिई न्याय/अन्याय छुट्याई गरीबका पक्षमा पनि आफूलाई उभ्याउन सके सरुवा रोग जस्तै रहेको पूर्वी तराईको बस्ती उठाउने, आगो लगाउने, सामूहिकरुपमा गरीब बस्तीमा आक्रमण गरी अस्मितामाथि खेलवाड गर्ने घटना कम हुँदै जाने थियो। यसो हुन नसके गरीबहरुमा विद्रोहको बीउ रोपिने पक्का छ। ■

साभार: कान्तिपुर

# मुलुक फेरियो

# तर हरुवा-चरुवा उस्तै


■ मणिलाल विश्वकर्मा

**मुलुकमा लोकतन्त्र बहाली भएको डेढ वर्ष हुँदैछ । २०६३ माघ १ गते जारी 'नेपालको अन्तरिम संविधान २०६३' ले राज्यका सबै अङ्गमा मधेशी, दलित, आदिवासी/जनजाति, महिला, अल्पसंख्यक र पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्वसहित राज्यको रूपान्तरण गरिने कबोल गरेको छ । यद्यपि व्यवहारमा भने अलिकति पनि त्यस्तो आभाष गर्न पाइएको छैन । मुलुकमा राजनीतिकरूपमा यत्रो परिवर्तन आइसक्दा पनि दास प्रथाका अवशेषको रूपमा रहेको हरुवा-चरुवा हलिया आदि भूदास प्रथा अहिले पनि कायम छ ।**

### हरुवा-चरुवाको अवस्था :

सरकारी घोषणाअनुसार दासत्व उन्मूलन भएको ८३ वर्ष पुग्दैछ । तर यसको अवशेष हरुवा चरुवाको अस्तित्व पूर्वदेखि पश्चिम तराईका जिल्लामा मात्र होइन, पहाडमा समेत विद्यमान रहनुले पनि सरकारी घोषणा अर्थहीन बन्न पुगेको छ । सामन्ती भू-स्वामित्व र वितरण प्रणालीलाई वास्तै नगरी गरिने त्यस्ता घोषणाले लक्षित उद्देश्य हासिल हुन सक्दैन । व्यवहारमा पनि त्यस्तै देखियो । भूमिको न्यायपूर्ण एवम् समतामूलक वितरण तथा व्यवस्थापनविना हरुवा-चरुवा मात्र होइन, भूमिहीनताको समस्या, गरीब किसानको समस्या पनि समाधान हुन सक्दैन । थोरै पैसा ऋण लिएवापत् वा सानो टुक्रो जमिन पाएवापत् पुस्तौंपुस्ता बस्नुपर्ने हरुवा-चरुवाले मुलुकको शासन व्यवस्थामा परिवर्तन भए पनि आफ्नै जीवनमा भने कुनै परिवर्तनको अनुभूति गर्नसम्म पाएका छैनन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको नमूना अध्ययनअनुसार सिरहाको वस्तीपुरमा ८४ जना, हनुमाननगर १०८ जना, नहरा रिगौलमा ३२२ जना गरी ५१४ जना हरुवा-चरुवा पाइएका छन् । त्यस्तै सप्तरीको पातो, जमुनी मध्यपुरा, र मलेकपुरमा गरिएको नमूना अध्ययनअनुसार पातोमा ८२ जना, जमुनीमध्यपुरामा ३१६ र मलेकपुरमा ३१०



| जिल्ला | गा.वि.स. | कुल घर | हरुवा-चरुवा (घर वा संख्या) | हरुवा-चरुवाको प्रतिशत |
|---|---|---|---|---|
| सिरहा (२०.८५) | बस्तीपुर | १०६० | ८४ | ८.० |
| | हनुमाननगर | ६६१ | १०८ | १६.२ |
| | नहरा रिगौल | ७५४ | ३२२ | ४२.७ |
| | जम्मा | २४७५ | ५१४ | २०.८ |
| सप्तरी (२४.५५) | पातो | ७५५ | ८२ | ११.० |
| | जमुनी मध्यपुरा | ११०७ | ३१६ | २८.५ |
| | मलेकपुर | १०२५ | ३१० | ३१.० |
| | जम्मा | २८८७ | ७०८ | २४.५ |
| धनुषा (६.४५) | भरतपुर | २५६७ | ११४ | ४.४ |
| | रघुनाथपुर | २२१८ | १७२ | ७.८ |
| | रमदैया भवडी | १०६९ | ८६ | ८.० |
| | जम्मा | ५८५४ | ३७२ | ६.४ |
| | **कुल** | **११२१६** | **१५९४** | **१४.२** |

जना गरी ७०८ हरुवा-चरुवा भेटिएको छ। उक्त संख्या कुल हरुवाको २४ दशमलव ५ प्रतिशत हो। हरुवा-चरुवामध्ये बहुसंख्यक दलित छन्।

बाबुबाजेको पालादेखि नै अर्काको घरमा हरुवा-चरुवा बस्नेहरुको पछिल्लो तथ्याङ्क जति बढ्ने देखिन्छ, उनीहरुले पाउने पारिश्रमिकबारे सुन्दा उति अचम्म लाग्छ। दैनिक बिहानै उठेर 'मालिक' को मा जाने, गाई गोरुलाई खोले वा पराल खुवाउने, पानी भर्ने, जोत्न जाने काम खासगरी यिनीहरुले गर्नुपर्छ। चरुवाको सामान्यतया औसतमा ८० भन्दा बढी गाईवस्तु दिनभर चराउने अनि साँझ घर फर्कने दिनचर्या हुन्छ। गाईवस्तु नहेरे वा हलो नजोते श्रीमती बालबच्चाको विचल्ली हेर्नुबाहेक उनीहरुसँग अन्य विकल्प पनि हुँदैन। त्यसरी काम गर्दा उनीहरुले वार्षिकरुपमा गाईको प्रतिगोटा २० किलो धान र गोरुको प्रतिगोटा १५ किलो धान पारिश्रमिकस्वरुप पाउँछन्। यसबाहेक साहू वा मालिकले उनलाई वार्षिकरुपमा बुझाउने गरी ऋण पनि दिन्छन् र त्यही आयले दुःखसुख बिहान बेलुकीको छाक टार्छन्। यस्तो अवस्थामा छोराछोरीलाई पढाउन चाहेर पनि पढाउन सक्दैनन्।

चराउन लगेको गाईवस्तु हरायो भने आफैंले खोज्नु त छँदैछ, नभेटिए गाई वस्तुको मूल्य बराबर सित्तैमा गोठालो बस्नुपर्छ। चराउन लैजाने क्रममा वस्तुभाउले अर्काको बालीनाली खाइदियो भने त्यसको मूल्य पनि चरुवाले नै चुकाउनुपर्दछ। त्यस्तै हरुवाको नियति पनि चरुवाको भन्दा फरक छैन। बिहानभरि साहूको खेतबारीमा हलो जोत्ने, हलगोरु खोलेर घर फर्किएपछि अन्य घरेलु कामकाज गर्नु हरुवाको दैनिकी हो। त्यसरी काम गर्दा साहूको स्तर हेरी वार्षिकरुपमा ७ हजारदेखि १० हजार रुपैयाँसम्म पाउँछन्। धान भने वार्षिकरुपमा १८ मनसम्म पाउँछन्। दुई तीन विघासम्मको जमिन जोत्नुपर्ने केही हरुवालाई तीनदेखि पाँच कठ्ठासम्म खेत कमाई खान दिने चलन छ तर सबैले यही पनि पाएका छैनन्। हरुवा-चरुवा प्रथा जमिनमा आधारित विविध शोषणभै सामाजिक शोषणकै एक रुप हो। मुलुकभर रहेका हलिया, हरुवा चरुवा/गोठालामध्ये बहुसंख्यक दलित छन्।

प्रस्तुत तालिकाले पनि हरुवा-चरुवा रहन बाध्य दलितको स्थिति प्रष्ट पार्दछ।

| जिल्ला | जाति/समुदाय | संख्या | प्रतिशत |
|---|---|---|---|
| सिरहा | दलित | २७४ | ५३.३ |
| | जनजाति | २९ | ५.६ |
| | गैरदलित | १४९ | २९.० |
| | मुस्लिम | ६२ | १२.१ |
| सप्तरी | दलित | ५२८ | ७४.६ |
| | जनजाति | ३ | ०.४ |
| | गैरदलित | १६२ | २२.९ |
| | मुस्लिम | १५ | २.१ |
| धनुषा | दलित | २६९ | ७२.३ |
| | जनजाति | ७ | १.९ |
| | गैरदलित | ९२ | २४.७ |
| | मुस्लिम | ४ | १.१ |

**राजनीतिक परिवेश :**

अहिले नेपाल क्रान्तिकारी रुपान्तरणको संक्रमणमा छ। मुलुकको राजनीतिक र राज्यको एकात्मक सामन्ती प्रणाली फेरबदल हुने प्रक्रियामा छ। त्यसैले यो संक्रमणकालमा संविधानसभामार्फत् अर्थतन्त्र र सामाजिक संरचनामा पनि फेरबदल जरुरी छ। यसैमा दाससरहका हरुवा-चरुवाको मुक्ति र समुन्नत भविष्य पनि गाँसिएको छ।

खेतमा रगत पसिना बगाउने किसानसँगै कम जमिन हुनु र त्यो जमिनको पनि पुस्तैपिच्छे आकार खुम्चिदै जाँदा अन्ततः गरीब किसान भूमिहीन बन्न पुग्छ। यस्ता मानिस जीवकोपार्जनका विभिन्न उपाय खोज्ने क्रममा केही हरुवा-चरुवा बस्न बाध्य भएका हुन। अन्यायपूर्ण भू-स्वामित्व र भूमि वितरण प्रणालीले व्यक्तिगत सम्पत्तिको रुपमा धेरै खेतीयोग्य जमिन थोरै अनुपस्थित ठूला जमिन्दारको स्वामित्वमा छ। गरीब किसानको स-सानो जमिनको टुक्रा पनि पुस्तैपिच्छे टुक्रिदै गइरहेको परिस्थितिमा जमिन जोत्नेको नभएसम्म हरुवा-चरुवाको संख्या घट्नुभन्दा बढि नै रहन्छ। यसर्थ हरुवा-चरुवाको समस्यालाई सिंगो असमान भूमि व्यवस्थाको उपजसँग जोडेर नहेर्दासम्म यो अपुरो नै रहन्छ।

त्यसैले संविधानसभाको निर्वाचनमार्फत् हुन गइरहेको एकात्मक राज्य ढाँचाको पुनर्संरचना सँगसँगै अन्यायपूर्ण भू-वितरण प्रणालीलाई क्रान्तिकारी भूमिसुधारमार्फत नसच्याइए हरुवा-चरुवालगायत् भूमिसम्वन्धी समस्या समाधान हुन सक्दैन। यसका लागि हरुवा-चरुवाको सामूहिक संगठन र आवाज जति जरुरी छ, त्योभन्दा बढी संविधानसभाको निर्वाचनमार्फत् जनतालाई सर्वाधिकार सम्पन्न बनाउन एकाग्र देखाइरहेका दलहरुको निर्णय र त्यसको कार्यान्वयन खाँचो छ।

## परिवारै हरुवा चरुवा

सप्तरी जिल्ला पातो-९ स्थित भुतही टोलकी सुजानदेवीका श्रीमान्को मृत्यु भएको १० वर्ष बित्यो। त्यसपछिका दिनमा ७ जनाको उनको परिवारले धेरै दुःख भोग्नुपर्‍यो। १ कठ्ठा खेत र ७ धुर बारी नै यिनीहरुको जीविका धान्ने आधार बन्न नसकेपछि उनले आफ्ना साना छोराछोरीलाई हरुवा, चरुवामा लगाउन बाध्य हुनुपरेको छ। आफू पनि बनिबुतो, हरुवा चरुवा गर्दै जीविका चलाउन बाध्य छिन्।

४० वर्षीय यी महिलाले काम गरेबापत सिजनअनुसार ५ केजी धान, ४ केजी गहुँ र ४० रुपैयाँ पाउँछिन्। काम नपाएका बेला भोकै बस्नुपरेका थुप्रै दिन उनी खररर बताउन सक्छिन्।

श्रीमान्का बाबु बाजे पनि हरुवा चरुवा गर्ने भएकाले उनीहरुको जमिन थिएन। त्यसैले उनलाई छोराछोरी हुर्काउन कठिन भयो। उनका १२ वर्षीय छोरा सिकेन राम ४ वर्षको उमेरदेखि जमिनदार बालकिसुन पण्डितको घरमा चरुवा गर्दै आएका छन्। अर्का छोरा भारत गएको ७ वर्ष भइसक्यो तर केही खबर छैन। एउटा छोरा ४ कक्षामा पढ्दैछ भने अरु हरुवा-चरुवा नै गर्छन्।

**विद्यमान ऐन/कानून र कार्यान्वयन:**

दासप्रथाको अवशेष हरुवा-चरुवा प्रथालाई राणाकाल शुरु भएको ८० वर्षसम्म पनि तत्कालीन समाज र राज्यले वैधानिकता दिएको थियो। राजा जयस्थिति मल्लले सूत्रपात गरेको जातिपाति प्रथाले दास/दासी राख्ने मान्यतालाई अझ कठोर बनाएको थियो। कालान्तरमा नागरिक अधिकार र स्वतन्त्रताका कुरा विश्वव्यापीरुपमा उठ्न थाले र वि.सं. १९८१ मंसिर १४ गते तत्कालीन श्री ३ चन्द्रशमशेरले दास/दासी प्रथा उन्मूलनको घोषणा गरेका थिए। त्यसबेला रहेका ५९ हजार ८ सय ७३ जना दासदासी मध्ये ५१ हजार ७ सय ८२ दासदासीलाई मूल्य तिरेर मुक्त गरिएको थियो, जसका लागि सरकारले नगद तथा जिन्सी गरी ३६ लाख ७० हजार नगद खर्च गरेको थियो। नयाँ मुलुकी ऐन २०२० को ज्याला मुजुरीको महल नं. १ मा कुनै पनि मानिसलाई उसको मञ्जुरी वा इच्छाबिना काममा लगाउन नपाउने प्रावधान छ।

तत्कालीन सरकारले २०५७ साल साउन २ गते कमैया मुक्त भएको घोषणा गरेको थियो। त्यसपछि सरकारले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ जारी गऱ्यो। जसमा 'कमैया श्रमिक भन्नाले भैसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरी वा अन्य यस्तै प्रकारका श्रम गर्ने व्यक्ति' भन्ने सम्झनुपर्छ भन्ने उल्लेख छ। तर यो ऐनले मुक्त कमैयाबाहेक अरुको हकमा केही गर्न सकेको छैन। हरुवा-चरुवालाई पनि यसले छुन सकेन।

## गोरुसँग जोतिंदैछन् वृद्ध


चाउरी परेको अनुहार, सेतै फुलेको कपाल, अनि कुप्रो कम्मर, उमेरले अवकास पाउने बेला भैसकेका पचनाली गा.वि.स. ५ पचनाली गाउँका भगी लुहार सकिनसकी तीन जना साहूको हलिया बसेका छन्। त्यो उनको रहर हैन, साहूसँग लिएको ऋण तिर्न नसकेपछि हलो जोत्नुपरेको बाध्यता हो। भगीको आफ्नो पनि केही जमिन त छ तर त्यसबाट मुस्किलले १ महिना पनि खान पुग्दैन। आफू जान्ने भएदेखि नै अर्काको हलो जोत्ने, मजदूरी र चाकरी गर्दै पारिवारिक जोहो गर्दै आएकोबाहेक अरु कामको अनुभव छैन उनीसँग।

आफूलाई पुग्ने जमिन भए पनि उनी व्यस्त भने सधैं छन्। नहुन पनि कसरी, तीन तीन जनाको हलो जोतिदिनु परेपछि। हलोमा व्यस्त भएपछि उनको पनि भलो हुनुपर्ने हो तर भलो त कता हो कता, झन् कुभलो हुने क्रम बढ्दो छ। सानो झुप्रोलाई घर भनेर सन्तोष मान्न बाध्य छन् उनी। हलो जोत्नुबाहेक दाउरा काट्ने, भारी बोक्ने जस्ता काममै उनको पूरै वर्ष बित्ने गर्छ। बाँकी समय उनी खेतीपातीका लागि प्रयोग हुने औजार बनाएर गुजारालाई सहज तुल्याउने प्रयत्न गर्छन्।

८ वर्षपहिले छोराको बिहे गर्दा साहूसँग उनले ३० हजार ऋण लिएका थिए। त्यो बेलादेखि आफूमाथि थप काम थोपरिएको उनी बताउँछन्। ऋण तिर्नैका लागि विवाहपछि छोरालाई भारत पठाएको तर छोराले पठाएको सानोतिनो रकम घरमा आइपुग्न नपाउँदै सिध्धिने उनको अनुभव छ।

ढल्कँदो उमेरसँगै धेरै काम गर्नुपरेकाले धेरैजसो उनी बिरामी पनि भइरहन्छन्। अहिले उनलाई आफ्नो जीवन यति कष्टकर सम्झेर छोराको भविष्यप्रति बढी नै चिन्ता लाग्न थालेको छ। औंठाछाप भगी लुहार हली बस्नुपरेकै कारण छोराको पढाई र अन्य पक्षमा हेरचाह गर्न नसकेकोमा आत्मग्लानी महसुस गर्छन्।

'नेपालको अन्तरिम संविधान २०६३' को भाग ३ को १३ (३) मा महिला, दलित, आदिवासी, जनजाति, मधेसी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बाल, वृद्ध तथा अपाङ्गहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्ने उल्लेख छ। त्यस्तै भाग ३ को १० मा सुकुम्बासी, कमैया, हलिया, हरवा-चरुवालगायत्का आर्थिक सामाजिकरुपले पछाडि परेका वर्गलाई जग्गालगायत् आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने भनिएको छ। तर यसतर्फ कुनै कदम उठाइएको छैन।



**लोकतन्त्रपछिको स्थिति :**

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल र राष्ट्रिय भूमि अधिकार सरोकार समूह नेपालले गत वर्ष विभिन्न मागसहित जिल्ला-जिल्लामा गरेको आन्दोलनपछि तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रीको संयोजकत्वमा भूमि समस्या समाधान वार्ता समिति गठन भएको थियो। यो समिति र आनदोलनरत् पक्षबीच भएको सहमतिको बुँदा ३ (१) मा हलिया

हरुवा चरुवाको ऋण खारेज गरी उचित पुनर्स्थापन गर्ने उल्लेख थियो । तर यसलाई कार्यान्वयन गर्न कुनै तदारुकता देखिएन ।

पुस्तौंदेखि पूर्खाले लिएको ऋणको ब्याजस्वरुप न्यून परिश्रमिकका भरमा काममा जोतिन बाध्य सप्तरीका हरुवा-चरुवाले केही महिनापहिले मधुपट्टीमा जिल्ला भेलामार्फत् संगठित हुने प्रयत्न गरेका थिए । तर त्यो विविध कारण प्रभावी बन्न सकेन । अन्य छिटफुट प्रयास पनि सफल हुन सकेका देखिन्न ।

**उत्थानका विकल्पहरु :**

जमिनमा पाइलासम्म नटेक्ने तर जमिनको मालिक भइरहने प्रचलन अन्त्य गर्दै राज्यले कानूनमार्फत् जमिन जोत्नेको अर्थात् 'जसको जोत उसको पोत' को नीति लागू गर्न सक्यो भने हरुवा-चरुवाको उत्थान हुने देखिन्छ । क्रान्तिकारी भूमिसुधारमार्फत् हदभन्दा भन्दा बढी देखिन आएको जग्गा राष्ट्रियकरण गर्ने र त्यस्तो जग्गा भूमिहीन, हरुवा-चरुवालाई उपलब्ध गराउन पनि सकिन्छ । सरकारी तहबाटै निश्चित अवधिका लागि हरुवा-चरुवाको सशक्तिकरणका लागि विशेष कार्यक्रम ल्याउनु अर्को उपयुक्त कदम हुन सक्छ ।

उनीहरुको ऋण मिनाहा गर्ने र न्यूनतम पारिश्रमिक तोक्न सकियो भने शोषणको हद कम हुन सक्छ । साहूबाट भिकिदिँदैमा हरुवा-चरुवा मुक्त हुँदैनन् । त्यसैले उनीहरुले गरिखाने जमिन पाउनु महत्वपूर्ण सवाल हो । त्यसैले उनीहरुले काम गरिरहेकै जमिनवालाबाट केही जमिन दिलाउनेतर्फ राज्य अग्रसर हुनुपर्छ । नत्र उनीहरुको मुक्ति पनि कमैयाकै जस्तो हुने पक्का छ । हरुवा-चरुवाको शोषणलाई कायमै राखी गरिने राज्य पुनर्संरचनाले वास्तविक परिवर्तनको स्वाद चखाउन सक्दैन । ■

*(जनचेतना दलित संगमले आयोजना गरेको हरुवा चरुवाको कार्यशालामा प्रस्तुत कार्यपत्रको आधारमा)*

## आर्थिक वर्ष २०६४/६५ को बजेटमा भूमिसम्बन्धी के छ ?

२८. उपयोगमा आउन नसकेका सरकारी बाझो जग्गा भूमिहीनलाई प्राथमिकता दिई व्यवसायिक र सहकारी खेतीका लागि दीर्घकालीनरुपमा करारमा दिने व्यवस्था मिलाइनेछ ।

३२. मालपोत कार्यालय र नापी शाखामा रहेका जग्गाधनी स्रेस्ता तथा लिखतहरुलाई कम्प्युटर प्रणालीमा आबद्ध गरी भू-सूचना प्रणालीको माध्यमद्वारा सेवा प्रवाह गर्ने कार्यलाई प्रभावकारी तुल्याइनेछ । आगामी आर्थिक वर्षदेखि काठमाडौं उपत्यकामा ५ र कास्की गरी ६ वटा मालपोत कार्यालयहरुमा कम्प्युटर प्रणालीबाट जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराइनेछ । अन्य मालपोत कार्यालयमा कम्प्युटर प्रणाली क्रमशः विस्तार गरिनेछ ।

३४. सामन्ती भू-स्वामित्वको अन्त्य गरी वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ । एउटै व्यक्तिको नाममा देशभरि रहेका जग्गाहरुको एकिकृत लगत एउटै जग्गाधनी पूर्जामा राख्ने कार्य आरम्भ गरिनेछ । जमिन माथिको द्वैध स्वामित्व अन्त्य गर्न बाकी रहेका कार्यहरु सम्पन्न गरिनेछ । जमिनमा भूमिहीनहरुको सहभागिता बढाउन कानूनमा आवश्यक सुधार गरिनेछ । मुक्त कमैया पुनर्स्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. राष्ट्रिय भू-उपयोग आयोजनाअन्तर्गत हालसम्म ३६ जिल्लाहरु एवं कीर्तिपुर र लेखनाथ नगरपालिकाको भू-उपयोग नक्सा तयार भइसकेको छ । कृषि उत्पादन वृद्धि गर्न वातावरण सन्तुलन र दिगो विकासका लागि कानूनको निर्माण गरी भू-उपयोग नक्सा तयार भएका जिल्लाहरुमा आगामी वर्षदेखि भू-उपयोग योजना लागू गरिनेछ । ■

**सफलताको कथा**

## मोहीले जग्गा पाए

बनकट्टी गाविस वडा नं. ४ बस्ने फेरन पासी निम्न वर्गीय किसान हुन् । ६ महिला र ४ पुरुष गरी जम्मा १० जना परिवारको पेट पाल्ने जिम्मा उनको काँधमा छ । सम्पत्तिका नाममा उनीसँग १० कठ्ठा नम्बरी जमिन थियो । उनी नेपालगन्जमा ज्याला मजदूरी गर्दै जीविकोपार्जन सहज तुल्याउने कोसिस गर्थे । छोराछोरीलाई पढाउन/लेखाउन सकेका थिएनन् । १४ कठ्ठा मोही जमिन बुबा लाले पासीको नाममा थियो । तर पनि जमिन्दार सब्दरले जोत्न दिएका थिएनन् । पासीसँग मुद्दा लड्ने पैसा र साहस दुवै थिएन । जग्गाधनी गाउँका 'ठूलाबडा' भएकाले उनका विरुद्ध बोल्ने आँट कसैको थिएन ।

२०६१ सालमा नेपालगन्जमा मोही अधिकारबाट वञ्चितहरुको प्रथम जिल्ला सम्मेलनमा पासी पनि सहभागी भए । यो सहभागिता नै उनको खुशीको कारण बनेको उनी बताउँछन् । उनी स्थानीय जनसंगठनमा सदस्य भए । भूमि अधिकारका विषयमा हुने छलफलमा निरन्तर सहभागी हुँदै जाँदा खोसिएको मोही अधिकार लिन उत्साह थपियो । उनले २०६१ सालमै भूमिसुधार कार्यालयमा मोहियानी हक नामसारी साथै बाँडफाँड मुद्दा हाले । २ वर्षपछि २०६३ सालमा भएको फैसलाअनुसार ७ कठ्ठा जग्गा पाएपछि अब उनीसँग १७ कठ्ठा जमिन छ । अब उनी आफ्नै जमिनमा परिश्रम गर्न थालेको बताउँछन् । आफूमा परिवारको पालनपोषण गर्ने साहस थपिएको उनको भनाइ छ । २ छोरी र १ छोरा विद्यालय पनि पठाउन थालेका छन् । ■

**– शिव प्रसाद पासी, अभियानकर्ता, बाँके**

*'लोकतान्त्रिक गणतन्त्रको आधार, जनमुखी भूमिसुधार'*

## राष्ट्रिय भूमि अधिकार सरोकार समूह, नेपाल

## दोस्रो राष्ट्रिय सम्मेलन, २०६४

**ललितपुर, १७ श्रावण, २०६४**

# घोषणा-पत्र

राष्ट्रिय भूमि अधिकार सरोकार समूह, नेपालको दोस्रो राष्ट्रिय सम्मेलन २०६४ श्रावण १७ गते भव्यपूर्वक सम्पन्न भयो । सम्मेलनमा नेपालको भूमिअधिकार, सामाजिक न्याय र रुपान्तरणको आन्दोलनमा क्रियासील सरोकार समूहका सदस्य, सदस्य संस्थाका प्रतिनिधि, भूमिविज्ञ, सरकारी निकायका प्रतिनिधि, सञ्चारकर्मीसमेतको सहभागिता थियो । मुलुकमा विद्यमान सामन्ती शोषण, अन्याय एवं गरिबीको कारक रहेको असमान भूमि वितरण र त्यसले उब्जाएका हरुवा-चरुवा, हलिया, कमैया, कमलरी, उखडा, गाऊँब्लक, गुठी, चुरे, बेदर्तावाल मोही, भूमिहीनतालगायत्का जल्दाबल्दा मुद्दा समाधानका लागि भावी आन्दोलनका विषयमा गहन छलफल भयो । नेपालको सामाजिक न्याय, परिवर्तन र विकास भूमिको न्यायोचित वितरणबिना असम्भव भएको सम्मेलनले एकमतका साथ ठहर गरेको छ। यही नै मुलुकको शान्ति निर्माण र लोकतान्त्रिक गणतन्त्रको आधार हो ।

नयाँ नेपाल निर्माण, सामन्तवादको अन्त्य र लोकतन्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि वर्तमान सामन्ती भूमि वितरण र व्यवस्थापनको अन्त्य गर्दै जनमुखी भूमिसुधार गर्नका लागि सम्मेलनले जारी शान्तिपूर्ण आन्दोलनलाई थप संगठित गर्ने निर्णयसमेत गरेको छ । यो सम्मेलन जनमुखी भूमि वितरण र व्यवस्थापनका साथ भूमिमा रहेको सबैखाले शोषणको अन्त्य गर्ने आह्वान गर्दै यो घोषणापत्र जारी गर्दछ ।

१. अन्तरिम संविधानमा उल्लेखित वैज्ञानिक भूमिसुधारको मर्मलाई हामीले जनमुखी भूमिसुधारको भावनाअनुसार बुझेका छौं । जमिनमा जोत्नेको पहुँच र स्वामित्वबाहेक अरु कुनै वैज्ञानिक भूमिसुधार हुन नसक्ने हुँदा सोहीअनुसार भूमिसुधारको तत्काल काम थाल्न जोडदार माग गर्दछौं ।

२. भूमिहीन, मोही, हरुवा-चरुवा, हलिया र कमैयालाई जग्गासहित समुन्नत र स्वतन्त्र बनाउने काम संविधानसभाको चुनावअगाडिबाटै अभियानको रुपमा अगाडि बढाउन जोडदार माग गर्दछौं ।

३. विगतमा सरकारले गरेका घोषणा, सम्झौता र सहमतिको कार्यान्वयन अहिलेसम्म भइरहेको छैन । यसले मुलुकमा भएको राजनीतिक परिवर्तन र जनआन्दोलनको भावनालाई अवमूल्यन गरेको सम्मेलनले ठहर गरेको छ । यसर्थ नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र राष्ट्रिय भूमि अधिकार सरोकार समूह, बीच २०६३ साल असोज १ गते भएको सम्झौतालगायत्का सबै सम्झौता, सहमति र निर्णयहरु कार्यान्वयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

४. भूमिसुधारको प्रमुख जिम्मा लिएर बसेको भूमिसुधार तथा व्यवस्था मन्त्रालय र यसका मातहतका निकाय भूमि व्यवस्थापनमा पूर्णतः असफल भएको ठहर सम्मेलनले गरेको छ । अहिलेसम्म कानुनले व्यवस्था गरेको हदबन्दी कार्यान्वयन गर्न सकेको छैन । यस प्रकारको ढिलासुस्तीलाई गम्भीरपूर्वक लिई तत्काल हदबन्दी लागू गर्न सम्मेलन जोडदार माग गर्दछ ।

५. संविधानसभाको प्रक्रियामा गरीब, भूमिहीन, दलित, कृषि श्रमिक, असुरक्षित बस्तीका समुदायलगायत् सम्पूर्ण अधिकारबाट वञ्चितहरुको सहभागिता सुनिश्चित गरिनुपर्दछ । यसो नभई नयाँ संविधानमा भूमि अधिकारलाई सुनिश्चित गर्न सकिँदैन । भुमिसुधारको खाका अधिकारबाट वञ्चितहरुकै सहभागितामा बन्नुपर्दछ भन्ने भावनाअनुसार संविधानसभाको निर्वाचनमा अधिकारबाट वञ्चितहरुको सहभागिता सुनिश्चित गर्न सम्मेलन जोडदार माग गर्दछ ।

६. नेपालमा कस्तो भूमिसुधार गर्ने र कसरी गर्ने भन्ने विषयमा गृहकार्य गरी यथोचित ढंगले काम गर्न सरकारलाई सघाउनको लागि भूमि अधिकारबाट वञ्चित, अधिकारवादी र विज्ञहरुसमेतको सहभागितामा स्थायी प्रकृतिको भूमिसुधार प्रतिष्ठान खडा गरिनुपर्दछ भन्ने ठहरका साथ यस्तो अधिकार सम्पन्न प्रतिष्ठान गठन गर्न सम्मेलन जोडदार माग गर्दछ ।

७. २०५३ सालअघिदेखि जग्गा जोत्दै आएका बेदर्तावाल मोहीलाई स्थानीय सर्जमिनका आधारमा मोहियानी हक प्रदान गर्ने, कमैयाको प्रभावकारी पुनर्स्थापना गर्ने, वास्तविक सुकुम्बासी पहिचान गरी भोगको आधारमा जग्गा दर्ता गर्ने, ग्रामीण क्षेत्रका गुठीका जग्गा सम्बन्धित किसानका नाममा रैकरमा परिणत गर्ने, चुरे क्षेत्रमा बसिआएका किसानको जग्गा भोगको आधारमा दर्ता गर्ने, हलिया, हरुवा-चरुवाको ऋण खारेज गरी उचित पुनर्स्थापना गर्ने, आरक्ष, उखडा जग्गा भोगका आधारमा दर्ता गर्न, निकुञ्ज, बाँध, नदीबाट पीडित बासिन्दालाई उचित

बसोबासका साथै जग्गाहरुको सट्टाभट्टा दिने काम अभियानकै रुपमा तत्काल थालनी गर्न हामी माग गर्दछौं ।

८. विश्वव्यापीकरण, खुल्ला बजार अर्थनीति, बहुराष्ट्रिय कम्पनीहरुको हस्तक्षेप र दबावले नेपालको राष्ट्रिय अर्थतन्त्र, किसानहरुको जीवन र जमिनमा श्रम गर्नेहरुको अधिकार खोसिँदैछ । जमिनलगायत्का कुनै पनि प्राकृतिक स्रोतको पूर्णत व्यापारीकरण र निजीकरणले गरिबी, अन्याय र अभावलाई बढाउँछ । तसर्थ कुनै पनि विदेशी बहुराष्ट्रिय कम्पनीले नेपाली भूमिको स्वामित्व पाउन सक्ने तथा कृषि उत्पादनको क्षेत्रमा लगानी गर्ने विषयमा पूर्णरुपमा बन्देज गरिनुपर्दछ । कृषि उद्यमको निम्ति किसानहरुकै सहकारीलाई प्रोत्साहित गरिनुपर्दछ भन्ने हाम्रो ठहर छ । सम्मेलन कृषिको खुल्ला व्यापारीकरण र प्राकृतिक श्रोतमा वैदेशिक हस्तक्षेपको अन्त्यका लागि आवश्यक अडान लिन र विशुद्ध नाफामुखी लगानीकर्ताहरुलाई यस क्षेत्रमा प्रवेश नदिन जोडदार माग गर्दछ ।

९. भीमदत्त पन्त र तुलसीलाल आमात्यको स्मृति दिवश हरेक वर्षको साउन १७ गते मनाउँदै आइएको छ। यही दिन पारेर भूमि अधिकार आन्दोलनका महत्वपूर्ण कार्यक्रम पनि भइरहेका छन्। हरेक वर्षको साउन १७ गतेलाई राष्ट्रिय भूमि अधिकार दिवशका रुपमा मनाउन सरकारसँग जोडदार माग गर्दछौं।

१०. मुलुकमा अहिले भीषण बाढी, पहिरो र डुबानबाट लाखौं परिवार समस्यामा परेका छन् । हजारौं परिवार विस्थापित भएका छन् । दर्जनौंको ज्यान गुमेको छ । यस्तो अवस्थामा हामी भूमि आन्दोलनमा लागेका सबैलाई सहयोग गर्न आह्वान गर्दछौं । र, पीडितलाई उचित राहत एवं पुनर्स्थापनाका लागी सरकारसँग जोडदार माग गर्दछ ।

११. माथिका मागहरुमा वर्तमान सरकार गम्भीर हुनेछ र सम्मेलनले उठाएका मागहरु पूरा गर्न तत्काल आवश्यक तदारुकता लिनेछ भन्ने हामिले विश्वास लिएका छौं । अन्यथा आन्दोलनबाहेक अर्को विकल्प नभएकोबारे समेत सचेत गर्दै जनमुखी भूमिसुधारका लागि आवश्यक नीतिगत व्यवस्था गर्न सरकार र आठ दललाई आह्वान गर्दछौं ।

१२. सम्मेलनले अगाडि सारेका माग पूरा गर्न, संविधानसभाको शान्तिपूर्ण निर्वाचनको सुनिश्चितताका लागि हातेमालो गर्न, गरीबलाई शक्ति र स्वाभिमानमा सहभागी बनाउन र प्राकृतिक श्रोतमा जनताको स्वामित्व स्थापित गर्न आगामी ०६४ भाद्र २३ गतेबाट सुरु हुने जनयात्रालाई सफल बनाउन हामी सबैमा हार्दिक आह्वान गर्दछौं ।

१३. सम्मेलनले सरेश नेपालको अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरेको समेत घोषणा गर्दै भूमि अधिकारको अभियानमा ऐक्यबद्धता जनाउन, सहयोग गर्न र क्रियाशील हुन सबै वर्ग, तह र समुदायलाई आह्वान गर्दछौं । सम्मेलनलाई सफल पार्न सघाउने नागरिक समाजका प्रबुद्ध व्यक्ति, राजनीतिक दल, सरकार, सञ्चारकर्मी, अधिकारकर्मी, सहयोगी संस्था र सदस्य सबैमा धन्यवाद प्रदान गर्दछौं । ■

**गीत**

## भूमि अधिकारसम्बन्धी गीत

१) जमिन छैन उब्जनीलाई, बस्ने छैन घर ।  
धम्काउँछन् समाजमा, सबै मान्छौं डर ॥

२) भोको पेट नाङ्गो शरिर काम गर्दा गर्दा ।  
को दिन्छ साहारा आज यस्तो आपत पर्दा ॥

३) घाम लाग्यो गर्मीले माऱ्यो पानीले भिजायो ।  
बच्चाले भोक लाग्यो भन्दा यो छाती बिजायो ॥

४) कसैका ज्यु नारी बासी कसैका पेट भोका ।  
बाँच्नसम्म पाइन्या भयो जीवनभरि धोका ॥

५) लुगा छैन शरीर ढाक्न पेटमा छैन खान ।  
बोल्छन् सबै हेला गरी गर्छन् अपमान ॥

६) माटोको अनिकाल पऱ्यो यति सस्तो माटो ।  
आस छ मनमा, बास छ जमिनमा, होस् दुःखको साटो ॥

७) बाँच्ने आधार केही छैन, छैन काम धन्दा ।  
बस भन्देउ यो माटोमा उठ भन्नु भन्दा ॥

८) जस्को छ थपिदै जान्छ नहुनेको छैन ।  
बास छैन, गाँस पनि छैन आज ॥

सफलताको घटना

# लामो संघर्षपछिको सफलता

सिन्धुपाल्चोक जिल्ला नवलपुर गाविस वडा नं ४ का किसान पुस्तौंदेखि कमाउँदै आएको जग्गाको स्वामित्व नपाउँदा निराश थिए। नापीको समयमा राजनीतिक शक्तिको दबावमा गरीब किसानको जग्गा रणनैनेस्वर गुठीको नाममा ब्लकमा नापिएपछि किसानहरु स्वामित्वबिहीन रहनुपरेको थियो। स्वामित्व नहुँदा जग्गा बेचबिखन, कर्जाका लागि धरौटी, भागबण्डामा झगडा आदि समस्या थियो। एक प्रकारले जग्गा खोटो थियो। सो जग्गा जोताहाको नाममा नापी गर्न राजनीतिक दलका स्थानीय नेताबाट दशकौंदेखि पहल गरिँदै आएको भए पनि सफलता मिलेको थिएन।

सिन्धुपाल्चोक जिल्लाभर अभियान फैलिँदै थियो। अन्य गाउँमा जस्तै यहाँका पीडित पनि वि.सं. २०६० देखि गाउँ भूमिअधिकार मञ्चमा संगठित हुन थाले। जिल्ला भूमि अधिकार मञ्च र अभियानकर्ताले उनीहरुबीच नियमितरुपमा छलफल चलाए। २०६२ सालमा रैकरमा जग्गा नापी पूर्जाका लागि मालपोत कार्यालयमा निवेदन पेश भयो। त्यसपछि सोको कार्वाहीका लागि दर्जनौं पटक सदरमुकाम, गुठी संस्थान र मन्त्रालयमा किसान धाए तर समस्या समाधान भएन।

यसबाट आजित भएपछि २०६३ सालको भदौ २६ बाट किसानले मालपोत कार्यालय तालाबन्दी गरे। तालाबन्दीमा जिल्लाभरका किसानले साथ दिए। यही समयमा अन्य जिल्लामा पनि आन्दोलन चर्केको थियो। जिल्लास्तरमा जिल्लाभरका समस्या समाधान गर्ने सहमति बन्यो। मन्त्रालयसँग गुठी जग्गा रैकर गर्ने र गाउँब्लक जग्गा नापी गर्ने सहमति बन्यो। यही सहमतिलाई कार्यान्वयनमा लैजान २०६३ साल कात्तिक २ र ३ मा सिन्धुपाल्चोकको चौतारामा सर्वपक्षीय छलफल भयो। कार्यक्रममा प्राकृतिक स्रोत तथा साधन समितिका अध्यक्ष प्रकाश ज्वाला, प्रतिनिधिसभा सदस्य सुभाष कर्माचार्य, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव रवीन्द्रमान जोशी, भूमिसुधार तथा व्यवस्था विभागका महानिर्देशक धरणीधर खतिवडा, नापी विभागका महानिर्देशक तोयनाथ बराल, गुठी



संस्थानका प्रशासक शेमन्तराज चापागाईलगायत् राष्ट्रिय भूमि अधिकार मञ्च, सरोकार समूहका प्रतिनिधि एवं भूमि अभियानकर्ता तथा पीडितहरुको उपस्थिति थियो। भेलाले अन्य थुप्रै निर्णयको साथमा नवलपुरको ब्लक र गुठीको नाममा नापिएको जमिन जोताहाको नाममा नाप्ने निर्णय गरियो।


निर्णयहरु लागू नभएपछि भूमिहीन किसान, भूमि अभियानकर्ता एवं सरोकारवालाले जिल्ला मालपोत कार्यालय सिन्धुपाल्चोकमा २०६३ साल फागुन ६ गतेबाट पुनः अनिश्चितकालीन तालाबन्दी गरे। जिल्लाका सात राजनीतिक दलले समस्याको समाधान १५ दिनभित्र गर्ने र सो नभए १६ औं दिनबाट दलहरु आफैंको अगुवाईमा तालाबन्दी गर्ने लिखित वक्तव्य जारी गरेपछि ९ गते १५ दिनको लागि तालाबन्दी स्थगित गरियो।

यसपछि समस्या समाधानका लागि भूमि अधिकार आन्दोलनका अगुवा र राजनीतिक दलका नेता एकसाथ लागे। फलस्वरुप २०६३ साल फागुन २३ गते मन्त्रिपरिषद्को बैठकले मालपोत ऐनको खण्ड ७ को क अनुसार जिल्लाका १८ गाविसको गुठी समस्या समाधान गर्ने बाटो खोलिदियो। यसअघि २०६० साल माघ १० गते पनि यहीअनुसारको समित गठन भए पनि निवेदन मात्र बुझेर कारबाही अगाडि बढाएको थिएन।

यो निर्णयपछि नवलपुरका १६२ परिवारले (२९ महिला) १४५८ रोपनी जग्गाको पूर्जा पाएका छन्। उक्त जग्गाको मूल्य करिब ३ करोड हुन आउँछ। यो सफलताले जिल्लाभर आन्दोलनको लहर ल्याएको छ। प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद ओलीको अध्यक्षतामा बनेको यो समितिले सक्रियपूर्वक काम गरेको छ। 'मलाई रैकर लालपूर्जा पाइएला जस्तो लागेको थिएन तर संगठित भएपछि सफलता पाइँदोरहेछ'- जग्गाधनी लक्ष्मी खनाल भन्छिन्। पूर्जा वितरण समारोहमा जिल्लामा क्रियाशील सबै सत्ताधारी पार्टी सहभागी थिए। 'गुठीको नाममा नापेर हाम्रो हक राज्यले खोसेको थियो। अहिले रैकरको पूर्जा पाउन सफल भयौं' आन्दोलनले जग्गाधनी बनेका साने तामाङले खुसी व्यक्त गरेका थिए।

एक्सनएड नेपालको सहयोगमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, भूमि अधिकार संगठन र अभियानकर्ताको प्रयासमा नागरिक समाज, सरकारी निकायदेखि राजनीतिक दलसम्म सबैको सक्रियताले यो ठूलो सफलता मिलेको हो। यसपछि पनि समितिले काम गरिरहेको छ। ■

# भूमिअधिकारका लागि धर्ना



भूमिसुधारको पर्खाईमा नेपालका मेहेनती लाखौं जनताले दशकौं बिताइसकेका छन् । २००७ सालदेखियता बारम्बार चर्चामा आएको, नेपाली जनताको सिंगो समुन्नति र न्यायसँग जोडिएको यो मुद्दालाई सम्बोधन गर्ने सचेत प्रयासको भने जहिले पनि अभाव रह्यो । जनताको जीविकासँग जोडिएका मुद्दा किनारामा परे । राजनीतिक व्यवस्था फेरिँदैं गए पनि भूमिव्यवस्था पञ्चायतकालीन नै रह्यो ।

नेपालमा सदियौंदेखिको सामन्ती भूस्वामित्व अन्त्य हुन सकेको छैन । जमिन्दारी दबादवा उस्तै छ । सोह्र सालमा उन्मूलन भनिएको विर्ता प्रथा अनेकनरुपमा अहिले पनि व्याप्त छ । गरीब जोताहा, भूमिहीन तथा मोही किसानको शोषणको माध्यम गुठी, मोही, उखडा, गाउँब्लक, बेठबेगारी, हलिया, अधिया, बटैया, कम्लरी, चुरे, हरुवा-चरुवा आदी प्रणाली जस्ताको तस्तै छ । भूमि समस्या समाधान गर्ने दल तथा सरकारहरुको वाचा, व्यवहारमा देख्न पाइएको छैन । हजारौं शहीदको रगतले लेखिएको अन्तरिम संविधानमा समेत सामन्तको जग्गाको क्षतिपूर्ति दिने व्यवस्था गरेर भूमिसुधारलाई अझै धकेल्ने प्रयत्न भइरहेको छ ।

कृषि अर्थतन्त्रमा आधारित हाम्रो मुलुकलाई समुन्नत, न्यायिक र समतामूलक बनाउने आधार भूमिसुधार नै हो । भूमिसुधार नगरी मुलुकमा समुन्नतिको ढोका खुल्दैन् । कृषि अर्थतन्त्रको लोकतान्त्रिक ढंगले पुनर्गठन नगरी नयाँ नेपाल बन्दैन । भूमिसुधार हुनु भनेको जनताको समुन्नति हुनु र जनताको समुन्नती हुनु भनेको राजनीतिक दल र गरीबबीचको सम्बन्ध नजिक हुनु हो । राजनीतिक दलहरु बलिया, पहुँचदार, मोटा र धनीहरुको मात्र कदापि हुन सक्दैनन् । प्रत्येक दल निर्माणमा गरीबको ज्यादा रगत पसिना परेको कसैलाई सम्झाइरहनु पर्ने विषय होइन ।


*कृषि अर्थतन्त्रमा आधारित हाम्रो मुलुकलाई समुन्नत, न्यायिक र समतामूलक बनाउने आधार भूमिसुधार नै हो । भूमिसुधार नगरी मुलुकमा समुन्नतिको ढोका खुल्दैन् । कृषि अर्थतन्त्रको लोकतान्त्रिक ढंगले पुनर्गठन नगरी नयाँ नेपाल बन्दैन ।*


राजनीतिमा यतिखेर ठूलो हेरफेर आएको छ तर महत्वपूर्ण भूमिसुधारलाई ओझेलमा पारिँदैछ । जिन्दगीभर भूमिमा रगत, पसिना खर्चेका नेपालका १६ लाख भूमि अधिकारबाट वञ्चितहरुले आज सुरक्षित बासका लागि घडेरी, खेती गरिरहेको जग्गामा स्वामित्व र जीविकाका लागि जग्गा खोजिरहेका छन् । निरकुंशता फालौं अनि भूमिसुधार, विधायिका गठन होस् अनि भूमिसुधार, अन्तरिम सरकार बनोस् अनि भूमिसुधार, स्थानीयदेखि राष्ट्रिय तहसम्मका दलहरुले पटक पटक गरेको वाचा हो यो । यतिखेर अन्तरिम सरकार बनिसकेको छ तर भूमिसुधारको काम शुरु गरिएको छैन् । अब संविधानसभा होस् अनि गरौंला, यो संक्रमणकालमा भूमिसुधार हुदैंछ भनिँदैछ । जुन सरासर झुट कुरा हो ।

भूमिसुधार कार्यक्रम लागू गर्न हामीले सरकार र राजनीतिक पार्टीसमक्ष पटक पटक आवाज उठाउँदै आइरहेका छौं । तर हाम्रो कुराको कुनै सुनुवाई भएन । गत वर्ष देशव्यापीरुपमा ३ हप्तासम्म भएको मालपोत कार्यालय धर्ना तथा तालाबन्दीपछि २०६३ साल असोज १ गते नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग भएको ५ बुँदे सहमति पनि लागू गरिएन ।

हामी लामो समयदेखि भूमि अधिकारका लागि संघर्षरत् छौं । भूमिसुधारका लागि दलहरु र सरकारले तत्काल निर्णय लिऊन् भनी हामी दर्जनौं जिल्लामा सत्ताधारी राजनीतिक दलको कार्यालयअगाडि जेठ १ गतेबाट धर्नामा छौं । र, हाम्रो माग पूरा गराउन २०६४ साल जेठ ७ गतेबाट सत्ताधारी राजनीतिक दलको केन्द्रिय कार्यालयअगाडि ***वाचा पूरा गर*** भन्दै धर्ना बस्यौं ।

भूमिसुधारका लागि दललाई नैतिक दबाव दिने र भूमि अधिकारका लागि राष्ट्रिय तहमा जनमत तयार पार्ने उद्देश्यले ५ दिनसम्म राजनीतिक दलको कार्यालयमा एकैसाथ पहिलो दिन ५ र दोस्रो दिनदेखि ६ घण्टाका दरले २९ घण्टा धर्ना दिइयो । आठ दलको बैठक भइरहँदा प्रधानमन्त्री निवास बालुवाटारअगाडि ३ घण्टा धर्नामा बसियो । नियमितरुपमा धर्नामा बस्नेमा २२ जिल्लाका ३०९ जना थिए । सबै दलका नेतालाई भेटी आफ्ना समस्या राखियो । नेताहरुले भूमिसुधार गर्ने प्रतिबद्धता जनाए । जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन, नेकपा एमालेका महासचिव माधवकुमार नेपाल, नेकपा मालेका महासचिव चन्द्रप्रकाश मैनाली, नेपाली काँग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा, नेपाली काँग्रेसका उपसभापति सुशील कोइराला, नेकपा माओवादीका प्रशान्त र सद्भावना पार्टी आनन्दीदेवीका राजेन्द्र महतोलगायत्का शीर्षस्थ नेतासँग छलफल गरियो । विभिन्न दलका केन्द्रीय नेता र हाम्रो आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्न दर्जनौं व्यक्तित्वको आगमन वनकालीमा नै भयो । दर्जनौं सञ्चारमाध्यमका सञ्चारकर्मीले हाम्रो अडानलाई प्रमुखताका साथ उठाएर सहयोग गर्नुभयो । सबैजसो विद्युतीय सञ्चार माध्यममा हाम्रो मुद्दा आएको छ ।

*राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल भूमि अधिकारबाट बञ्चितहरुको संगठन हो । यस संगठनमा उत्पादनका स्रोत, साधन र अवसरको अभावमा चरम गरिबी र शोषण भोगिरहेका सुकुम्बासी, भूमिहिन, मोही, हलिया, हरुवाचरुवा, चुरेवासी, मुक्त कमैया, गुठी पीडित लगायतका संगठीत छन् । हाल यो संगठनको ३१ जिल्लामा १३ सय भन्दा बढि प्रारम्भिक संगठनहरु क्रियासिल छन् । संगठनले नेपालमा जारी भूमि अधिकार आन्दोलनको नेतृत्व गरिरहेको छ । सुरक्षित बासको खोजी गरिरहेको छ । भोक र कुपोषणबाट मुक्तिका लागि खेती गर्ने जग्गा चाहिरहेको छ । गरिब माथी भएका अन्याय, शोषण र अपमान बिरुद्द आवाज उठाईरहेको छ । पसिनाको मोल खोजिरहेको छ ।*

*गत वर्ष देशव्यापीरूपमा ३ हप्तासम्म भएको मालपोत कार्यालय धर्ना तथा तालाबन्दीपछि २०६३ साल असोज १ गते नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग भएको ५ बुँदे सहमति पनि लागू गरिएन ।*



**धर्नाबाट प्राप्त केही उपलब्धि :**

१. यो धर्ना नेपालका अधिकारबाट बञ्चित गरीब समुदायका तर्फबाट गरिएको ऐतिहासिक उपलब्धि हो । हामीमा आएको सचेतता र जागरणको यो नौलो उदाहरण हो ।

२. आठ दलको बैठकमा राष्ट्रिय भूमि अधिकार मञ्चले उठाएको मागलाई सकारात्मकरुपमा लिने र समस्या समाधानका लागि सरकारलाई निर्देशन दिने छलफल भएको छ ।

३. सद्भावना आनन्दीदेवीबाहेकका ६ दलबाट लिखितरुपमा हाम्रा मागउपर समर्थन र प्रतिबद्धता प्राप्त भएको छ ।

४. भूमि अधिकारको मुद्दा राष्ट्रियरुपमा पुनः छलफल र बहसमा आएको छ ।

५. भूमि अधिकार र गरीब जनताको जीविकाको मुद्दामा दलहरुलाई आफ्ना प्रयास केन्द्रित गर्न नैतिक दबाव बढेको छ ।



६. राष्ट्रिय भूमि अधिकार मञ्चको चिनारी बढेको छ । दल र धेरै सञ्चार माध्यममा मञ्च स्थापित हुँदै गएको छ ।

७. भूमि अधिकार आन्दोलनमा क्रियाशील हुनसक्ने कार्यकर्ता एवं अगुवा बढ्दै गइरहेका छन् ।

८. धेरैले आफ्नो पीडा पोख्ने ठाउँ पाए र आगामी दिनमा हाम्रा सवालमा कुरा गर्न दलका नेताहरुसम्म पहुँच बढेको छ ।

९. आन्दोलनमा स्थानीय प्रयास, सामूहिक कार्य र सहभागितालाई व्यवहारमा स्थापित गर्दै लगिएको छ ।

**आगामी कार्यभार :**

- सहमति र प्रतिबद्धताको कार्यान्वयनका लागि ३० दखि ५० जनाको समूहले अनगुमन जारी राख्ने ।
- प्रत्येक जिल्लामा संगठनको कामलाई व्यवस्थित गर्दे जाने र राष्ट्रिय सम्मेलनको तयारीमा जुट्ने ।
- राष्ट्रिय तहमा भएको धर्नाको प्रक्रिया र उपलब्धिलाई सबैमा आदान-प्रदान गर्ने ।
- संगठन निर्माणको काम बढाउँदै जाने ।

*(राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल*
*१४ जेठ, २०६४*

---

लोकतन्त्र र दीगो शान्तिको आधार
व्यवहारमा जनमुखी भूमिसुधार

**संविधानसभाको चुनाव सफल पारौं ।**

सफलताको कथा

# जमिनदारलाई झुकायो एकताले

बर्दिया जिल्लामा रहेको मैनापोखर गा.वि.स.को वास्तविक इतिहास भन्नुपर्दा जसले माटोमा पाइला टेक्दैन, जसलाई माटोको मर्म थाहा हुँदैन, उही अथाहा भूमि भएका सामन्ती शोषक थिए। जमिन्दारहरु पृथ्वीशमशेर राणा र वैकुण्ठशमशेर राणाको यस ठाउँमा राज नै थियो।

एकातिर यस्ता अथाहा जमिन भएका जमिन्दार त, अर्कोतिर जन्मेर पहिलो पाइला टेक्ने र मरेपछि लास गाड्ने पनि ठाउँ नभएका भूमिहीन। यिनै जमिन्दारको अत्याचारबाट सताइएका २० जना मिलेर मनकामना भूमि अधिकार मन्च २०६३/८/४ मा गठन गरे।

तीमध्ये महिला १० जना, जनजाति ९ र १ जना दलित थिए। शुरु शुरुमा संगठनको मासिक बैठक बस्न पनि जङ्गल जानुपर्ने वा रातै बस्नुपर्ने हुन्थ्यो। त्यसै संगठनकी अध्यक्ष सरस्वती चौधरी र सदस्य राधिका वि.क. र पाउनी चौधरीलाई संगठन नछोडेमा गाउँबाटै निकालिदिने चेतावनी पनि आए।

तर अहिले संगठनमा आमूल परिवर्तन आएको छ। संगठनमा १५ जना महिला, ११ जना पुरुष, २२ जनजाति, २ दलित, २ अन्य गरी २६ सदस्य सम्मिलित छन्। उनीहरु प्रत्येक दिन चौतारीमा खुलारुपले बैठक बस्छन्। आन्दोलन कोष निर्माण गरेका छन्, जसमा सम्पूर्ण खर्चसहित ५००० रुपैयाँ उठिसकेको छ। जुन पैसा उनीहरु आन्दोलनका लागि खर्च गर्छन्।

संगठनकै निर्णयले उनीहरुले पृथ्वीशमशेर राणाको मैनापोखरस्थित २ बिगाहा १० कठ्ठा जग्गा २०६४/३/९ गते कब्जा गरे। आफ्नो पुरानो जमिन फिर्ता पाउन सकेकोमा उनीहरु औधी खुशी छन्।

**– दीपा वराल**

अभियानकर्ता, अधिकारमुखी अभियान केन्द्र, बर्दिया

# यसरी भयो ज्याला वृद्धि

सुनसरीको सोनापुरमा कृषि मजदूरको ज्याला दैनिक महिलालाई रु. ५० सुख्खा र पुरुषलाई रु.७० थियो, जसमा पुरुषले खाजासमेत पाउँथे। बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म काममा लगाइन्थ्यो।

यस्तो अवस्थालाई परिवर्तन गर्नुपर्छ भनेर भूमिअधिकार मञ्चको गाउँस्तरीय समिति र स्थानीयरुपमा काम गरिरहेको संस्था मुसहर उत्थान समितिको सहकार्यमा कृषि मजदूरको ज्याला वृद्धिका लागि गाविसस्तरमा छलफल कार्यक्रम आयोजना गरियो।

छलफल कार्यक्रममा ज्यालाको अधिकार र कानूनबारे जानकारी गराइयो। अभियानकर्ता र समितिका सदस्यले मजदूरलाई सम्झाउने र उत्प्रेरित गर्ने काम गरे। मजदूरले आफूहरुले कम ज्यालामा काम गरिरहेको र शोषणमा परेको महसुस गरे र आक्रोशित भए।

त्यसपश्चात् ज्यामजदूर र जमिनदार, कृषकसँग अन्तर्क्रिया गरियो। ज्याला वृद्धिको आवश्यकता बताउदै ज्याला नबढे खेतमा काम गर्न नजाने मजदूरले बताए। जग्गावालाले काम नगरे नगर केही हुन्न भने र ज्याला वृद्धिको प्रस्ताव अस्वीकार गरे।

यसै परिवेशका बीच २ जना महिला मजदूर सोनापुर ७ का इस्लाम मियाको खेतमा पुरानै ज्यालामा काम गर्न गएपछि अन्य मजदूर गएर उनीहरुलाई सोधपुछ गरे, कम ज्यालामा काम गरेको थाहा पाए। त्यसपछि जग्गाधनी र कृषकबीच तनाव भयो। मजदूर फर्काइए। यस घटनापछि दुवै पक्षबीच छलफल भयो। महिलाको ज्याला रु. ६०।- र पुरुषको रु. ८०।- तय भयो। महिला र पुरुषले एकैखालको काम गर्दा भने समान ज्याला पाउने भए। हली नोकरीको समेत मासिक न्यूनतम रु. १६००।- देखि रु. १८००।- तय भएको छ।

**– गंगा प्रसाद ऋषिदेव, सुनसरी**

# जनादेश २००७ प्रति ऐक्यवद्दता

भारतका भूमिहिन, दलित तथा आदिवासी समुदायले आजदेखी शुरु गरेको १ महिने जनमार्चमा ऐक्यवद्दता जनाउँदै नेपालका भूमिअधिकारबाट बञ्चित तथा अधिकारकर्मीहरुले आज भारतीय राजदुतावासमा ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्र बुझाउनु अघि सयौंले ऐक्यवद्दता र्‍याली गरेका थिए । अँङ्ग्रेजहरुको उपनिवेशबादलाई अन्त्य गर्न अंहिसाको मार्ग अवलम्बन गरेर माया र नैतीकताको अगाडि हिंसाको जहिले पनि हार हुने कुरालाई प्रमाणित गरेका महात्मा गान्धीको जन्मदिन अक्टोबर २ लाई सर्न्दभ पारेर भारतमा आजबाट हजारौंको जनमार्च शुरु गरिदैंछ । जसलाई जनादेश २००७ भनिएको छ । यस अन्तर्गत भारतको ग्वालीयरदेखी दिल्लीसम्म जम्मा ३१३ किमी लामो पैदल यात्रा हुनेछ । यो जनमार्चमा नियमित रुपमा २५ हजार जनअगुवा र अधिकारकर्मीहरु सहभागी हुनेछन् । सन् १९७२ मा ५ सय सशस्त्र लडाकुले हतियार बिसाएको ठाउँ ग्वालीयरलाई जनादेश शुरुको स्थान बनाईएको छ । यसको अगुवाई एकता परिषद भारतले गरेको छ। माहात्मा गान्धीको अहिंसात्मक सिद्धान्तमा आधारित एकता परिषद् जनतामा आधारित संगठन हो




मुख्य मागहरुमा अधिकार सम्पन्न भूमि आगोग बनाईनुपर्ने, भूमि सम्वन्धी विवाद समाधानका लागि एकद्वार प्रणाली लागु गर्नु पर्ने, प्राकृतिक स्रोतको सम्पूर्ण अधिकार स्थानीय जनता र निकायलाई दिनुपर्ने लगायतका माग रहेको छ । यस जनादेशले जनता नै सर्वश्रेष्ठ हुन् र उनीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन उनीहरुकै संघर्षले मात्र सम्भव हुन्छ भन्ने दृष्टिकोण बोकेको राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले बताउनुभयो । हिंसात्मक




आन्दोलनले कुनै पनि प्रकारको समस्या समाधान गर्दैन । जनशक्तिको शान्तीपुर्ण परिचालनबाट मात्र समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता जनादेशले बोकेको छ ।

समूहका सचिब जगत बस्नेतले जनादेश प्रकृयामा २५ हजार भारतीय र २५ हजार बिदेशीहरुले गरिब जनताको भूमि लगयातका समस्या समाधानका लागि प्रधानमन्त्रीलाई चिठ्ठी लेख्ने, २५ हजार भूमि अधिकारबाट बञ्चितले अधिकारको लागि लिखीत दावी गर्ने, अरु २५ हजार नियमित रुपमा मार्चमा सहभागी हुन र यात्रामा १ महिनासम्म १ छाक मात्र खाएर खुला आकाशमा नै रात बिताउने योजना रहेको जानकारी गराउनुभयो ।

बढ्दो र गहिरिँदो गरिबी, सामाजिक असमनाता, हिंसा र स्रोतको असमान वितरण जस्तो बर्तमान दुरावस्थालाई कम गर्न भूमिसुधारको मुद्दालाई नयाँ सिराबाट जनमुखी ढंगले लागु गर्न भारतमा जनादेश भएको र आफुहरुको आन्दोलन पनि भूमिको पुर्नवितरण एवं गरिव जनताको आत्मसम्मान र जिविकाको ग्यारेण्टीको लागि भएकोले आन्दोलनमा हामी छिमेकी देशका गरिबहरु पनि साथै छौं भन्नाको लागि ऐक्यवद्दता र्‍याली गरिएको राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष बलदेब रामले बताउनुभयो । जनादेश २००७ मा सहभागी हुन नेपालका विभिन्न १९ जिल्लाका ३३ जना नेपालीहरु पनि ग्वालीयर पुगिसकेका छन् । कार्यक्रमको आयोजना राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल, राष्ट्रिय भूमिअधिकार सरोकार समूह, नेपाल र दक्षिणएशिया शान्ती सञ्जालले गरेका थिए । ■

# हाम्रा प्रकाशनहरू


LAND RIGHTS MOVEMENT IN NEPAL
REFLECTIONS
2006
National Land Rights Forum, Nepal
National Land Rights Concern Group, Nepal
चुरेको चिरफार
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
चुनावी घोषणापत्र
र
दस्तावेजहरूमा
भूमिसुधार
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
नेपालको नयाँ भूमि व्यवस्था
प्रस्तावित खाका
जीविकाको जग
(कैलाली र कञ्चनपुर जिल्लाको
भूमिअधिकार परिवेश)
नेपालमा भूमि अधिकार आन्दोलन
उपलब्धी तथा
सिकाइको संगालो २००६